
संख्या : २, कार्तिक, २०५८

# ओसारपसार

एटविनको अर्ध-वार्षिक प्रकाशन



# सम्पादकीय


महिला तथा बालबालिका बेचबिखन नेपालको खास भू-भाग, खास जाती वर्ग र लिङ्गको मात्र समस्या होइन र यो समस्या नेपालको मात्रै पनि होइन । यो एउटा विश्वकै समस्या हो र दक्षिण एशिया त झन् समस्याको केन्द्रविन्दुमा रहेको छ । शुरुका दिनमा महिलाहरूमात्र यौन शोषणको लागि बेचिने गरेको तथ्यहरू प्रकाशमा आउने गर्दथ्यो । विस्तारै महिला तथा बालबालिक(ाको बेचबिखन यौन शोषणको लागि मात्र नभई विभिन्न कामको लागि बेचिन्छन् भन्ने तथ्यहरू बाहिर आउन थाले । यो बेलामा बेचबिखन बिरुद्धको अभियानमा लाग्ने ब्यक्तिहरूका धारणाहरू पनि विभाजित हुन थाले । एकथरीको बिचारमा बेचबिखनमा महिला तथा बालबालिका मात्र होइन । पुरुषहरू पनि बेचिन्छन् र केवल यौन शोषणका लागि मात्र होइन । अन्य कामको लागि पनि बेचिन्छन् । बेचिइसकेपछिको अवस्था कल्याणकारी मात्र नभई मानव अधिकारवादी दृष्टिकोणबाट हेरिनु पर्छ भन्ने एउटा धार रहेको छ भने यौन शोषणको लागि बेचिन्छन् र बेचिईसकेपछिको अवस्थामा उद्धार तथा कल्याणकारी कार्यक्रम संचालन गर्नु पर्छ भन्ने अर्को धार रहेको छ । यसै क्रममा दक्षिण एशियाली क्षेत्रिय सहयोग संगठन (सार्क) को ११ औं शिखर सम्मेलनमा पारित गर्न भनी तयार भएको "महिला तथा बालबालिका ओसार-पसार विरुद्धको क्षेत्रिय महासन्धि" को मस्यौदा परिमार्जन गरी पारित गराउन दबाब सृजना गर्ने उदेश्यले सन् २००० को डिसेम्बर १८ देखि २१ सम्म काठमाडौंमा सम्पन्न दोश्रो जनसार्क सम्मेलनमा पनि यस सवाललाई मानव अधिकारका दृष्टिकोणबाट हेरिनु पर्छ भन्ने कुरा जोडदार रुपमा उठेको थियो । साथै सम्मेलनले सरकारी तवरबाट तयार गरिएको क्षेत्रीय महासन्धिलाई मानवअधिकारको दृष्टिकोण अनुरूप परिमार्जन गरेर मात्र पारित गर्नुपर्ने कुरामा जोड दिएको थियो । *महिला तथा बालबालिका बेचबिखन विरुद्धको सहकर्मी समूह (एटविन)* विभिन्न राजनीतिक वहानामा हालसम्म पनि हुन नसकेको ११ औं सार्क सम्मेलन छिटो आयोजना गरी बेचबिखन विरुद्धको उक्त महासन्धी नागरिक समाजको भावना अनुरूप पारित गरियोस् भन्ने कुरामा सम्पूर्ण सदस्य राष्ट्रहरूको ध्यानाकर्षण गर्दछ ।

बेचबिखन जस्तो गम्भीर अपराध नियन्त्रणका लागि मुलुकमा विद्यमान बेचबिखनसम्बन्धी कानूनहरू अपर्याप्त एवं अप्रभावकारी भएको भन्ने आवाज सर्वत्र उठिरहेको बेला श्री ५ को सरकारले बेचबिखन सम्वन्धी नयाँ कानूनको मस्यौदा तयार गरेको छ । तर प्रस्तावित कानून साँच्चिकै बेचबिखन नियन्त्रणका लागि वा के का लागि ? भन्ने कुरामा स्वयं सरकार अस्पष्ट रहेको अनुभुति उक्त प्रस्तावित कानूनले दिन्छ । बेचबिखन र यौन व्यवसाय अर्थात बेश्यावृत्ति दुई फरक कुरा हुन । बेचबिखनको एउटा उद्देश्य बेश्यावृत्ति गराउनु पनि हुन सक्छ तर बेश्यावृत्ति र यौन क्रियाक(लापका लागि मात्र बेचबिखन कदापी हुँदैन, यसमा प्रष्ट हुनु जरुरी छ । सरकार द्वारा तयार पारिएको विधेयक बेचबिखन नियन्त्रण भन्दा पनि यौन व्यवसाय वा बेश्यावृत्तिमा रोक लगाउने तर्फ उन्मुख छ । यौन व्यवसाय वा बेश्यावृत्तिमा रोक लगाउने वा नलगाउने भन्ने कुरा छुट्टै छलफलको विषय हुन सक्छ तर यी दुवै सवाललाई एकै ठाँउमा राखेर हेरिनु हुँदैन । तसर्थ प्रस्तावित विधेयक मानवअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय सन्धी-सम्झौताका मान्यता बमोजिम हुने गरी नागरिक समाजको भावना अनुरूप पारित गरियोस भन्ने कुरामा जोड दिदैं हामी सरकार एवं विधायिकाको ध्यानाकर्षण गर्दछौं ।

एटविनको नियमित प्रकाशन *ओसारपसार*को यो दोश्रो अंकमा हामीले माथि उल्लेखित दोश्रो जनसार्कको निचोड, सरकार द्वारा तयार गरिएको विधेयक सम्वन्धमा हाम्रो धारणा, महिला तथा बालबालिकाको बेचबिखन केवल यौन शोषण मात्र नभई अन्य कामको लागि पनि हुने गरेको छ, देश बाहिर मात्र नभई देश भित्र पनि हुने गरेको छ भन्ने भनाईलाई पुष्टी गर्ने किसिमका लेख-रचना दस्तावेज तथा वास्तविक घटनाका साभारलाई पस्कने जमर्को गरेका छौं । आशा छ, यी सामग्रीहरुले नेपालमा भईरहेको महिला तथा बालबालिकाहरूको बेचबिखन विरुद्धको अभियानमा लाग्ने व्यक्ति तथा संस्थाहरुको लागि धारणागतरुपमा स्पष्ट हुन पाठकहरूलाई सहयोग गर्नेछ ।

# ओसारपसार

संख्या : २, कार्तिक, २०५८



**सम्पादन मण्डल:**
सन्ध्या श्रेष्ठ
भगवती नेपाल
सुजिता शाक्य
इन्दिरा फुँयाल

**विशेष सहयोग:**
अनिल अधिकारी
विमला ज्ञवाली

**प्रकाशन सहयोग:**
अक्सफाम जिबि नेपाल

**डिजाइन:**
ग्राफिक वर्कशप
बागबजार, काठमाडौं, नेपाल ।
फोन: २४२०७२

**मुद्रक:**
कान्तिपुर अफसेट प्रेस
बागबजार, काठमाडौं ।

**प्रकाशक:**
महिला तथा बालबालिका
बेचविखनविरुद्ध सहकर्मी समुह
(एटविन)
पो.ब.नं. ४३७४, काठमाडौं, नेपाल ।
फोन: २७३७७१
इमेल: aatwin@wlink.com.np
वेबसाइट:
www.makuro.net/aatwin


## विषयसूचि


लेख:

नागरिकहरूको बेचबिखन विरुद्ध सार्क, राज्य तथा नागरिक समाजको भूमिका र दायित्व - *सन्ध्या श्रेष्ठ* .......... १

अन्तर्वार्ता:

चेलीबेटी बेचबिखनको मुद्दा भनेको राजनैतिक मुद्दा हो
- *मीना पौडेल, अक्सफाम जिबि* .......... ५

लेख:

महिला तथा बालबालिका बेचबिखन विरुद्धको अभियान र महिला मानवअधिकार
- *भगवती नेपाल* .......... ९

महिला विरुद्धको हिंसा र बेचबिखन
- *सुजिता शाक्य* .......... १३

एटविन गतिविधि .......... १९

छलफल:

श्री ५ को सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयद्वारा तयार गरिएको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०५८ सम्बन्धमा.......... २०

दस्तावेज:

मुक्ति पानी घोषणा–पत्र.......... २२


संस्थागत चिनारी:

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक).......... २४

जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) गर्न बनेको विधेयक.......... २५



**एटवीन होमपेजमा तपाईलाई स्वागत छ**
www.makuro.net/aatwin

# नागरिकहरूको बेचबिखन विरुद्ध सार्क, राज्य तथा नागरिक समाजको भूमिका र दायित्व



सन्ध्या श्रेष्ठ

## पृष्ठभूमि

विश्व भरी नै मानिसहरूको बेचबिखन जस्तो जघन्य अपराध विशेष गरी महिला तथा बालबालिकाहरूमा केन्द्रित छ । यो व्यापार वास्तवमा अबैध हातहतियारको व्यापार भन्दा प्रशस्त मात्रामा मुनाफायुक्त छ । यस व्यापारमा ठूला ठूला माफियाहरूको संलग्नता रहेको छ । यू.एन.को गत दश बर्षको तथ्याङ्क अनुसार ३ करोड बेचबिखनका शिकारमा परेका मध्ये २ करोड महिला र बालबालिका थिए । यसरी मानिसलाई मानिसले आफ्नो स्वार्थका लागि हुने अपराध दिनानुदिन बढ्दो छ । यस व्यापारमा समाजका सबै तहका व्यक्तिहरूको संलग्नता पनि देखिन्छ ।

थसको प्रभाव दक्षिण एसियामा पनि बलियो किसिमले परेको छ भने नेपाल यसबाट मुक्त हुन सकेको छैन । यसरी एक देशबाट अर्को देशमा मात्र होइन सोही देशभित्र पनि एक ठाउँबाट अर्को ठाउँमा लगी उनीहरूको शोषण गरेको कुरा हामीबाट छिपेको छैन ।


कुनै पनि व्यक्तिलाई ललाई फकाई, डर त्रास र धम्की देखाई बँधुवा बनाई, आफ्नो हैकमको प्रयोग गरी शक्तिको आडमा यौन व्यापार लगायत जुनसुकै प्रयोजनका लागि भए पनि देशभित्र वा देश बाहिर एक ठाउँबाट अर्को ठाउँमा लग्नु भनेको त्यो व्यक्तिको बेचबिखन गर्नु हो । यो उसको मानव अधिकरको ठाडो हनन् हो ।

यस अपराधको नियन्त्रणका लागि राज्य पक्ष नै प्रमुख जिम्मेवार बनाई यस अपराध विरुद्ध कार्यरत विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आवाज उठाउँदै आएको छ । महिला तथा बालबालिका बेचबिखन विरुद्ध क्षेत्रीय नेटवर्क (RESISTANCE AGAINST TRAFFICKING IN WOMEN AND CHILDREN IN SOUTH ASIA), एशियाली महिला मानव अधिकार परिषद (ASIAN WOMEN HUMAN RIGHTS COUNCIL) जस्ता महिला मानव अधिकारका लागि सक्रीय नेटवर्कहरू यस सवालमा लाग्ने क्रममा सार्क विदेश मन्त्रीहरूसँग भेट, राउण्ड टेबल बैठक, सार्क प्रधानमन्त्रीहरूसँग भेट, दवाव र चेतनामूलक कार्यक्रम "कालो पहिरनमा महिला" कार्यक्रमहरू भएको थियो । नवौं सार्क शिखर सम्मेलनमा यस समस्यालाई सार्कको एक सामूहिक समस्याको रुपमा पहिचान भयो । यो नागरिक समाजको लागि महत्वपूर्ण उपलब्धि मान्नुपर्छ । दशौं सार्क सम्मेलनको समानान्तरमा यस सवालमा कार्यरत संघ संस्थाहरूको आयोजनमा पहिलो जनसार्क श्रीलंकाको कोलम्बोमा सम्पन्न गर्ने आदि सशक्त कार्यक्रम र दवाव मार्फत यस सवाललाई एक राजनीतिक मुद्दाको रुपमा स्थापित गर्न सफल भएको छ ।

यसै क्रममा माले, माल्दिभ्समा भएको ९ औं सार्क शिखर सम्मेलनमा उठेको महिला तथा बालबालिकाहरूको बेचबिखनको सवाल श्रीलंकाको कोलम्बोमा भएको १० औं शिखर सम्मेलनमा पनि यस सन्धि पत्रमा निर्णय हुन नसकेको कारण काठमाडौंमा हुन गइरहेको ११ औं सार्क शिखर सम्मेलनमा पास गर्ने भनिएको मस्यौदा पत्रमा सकारात्मक कुरालाई समर्थन गर्दै सुधार्नु पर्ने सवालमा सुधारका साथ उपलब्धिपूर्ण सन्धि-पत्र तयार गर्न नागरिक समाजले जोड गरेको छ । ११ औं सार्क शिखर सम्मेलनको पर्खाइमा गत एक बर्ष यसै प्रस्तावित मस्यौदा सन्धि-पत्र लगायत सम्बन्धित सवालमा जनचासो बढाउने र आ-आफ्नो क्षेत्रमा दवाव श्रृजना गर्ने काम भने निरन्तर नै चल्यो ।

## दोश्रो जनसार्क

पाकिस्तानको राजनैतिक समस्या लगायत विभिन्न कारण देखाइ सार्क शिखर सम्मेलनलाई सारिएको भए तापनि नागरिक समाजको तर्फबाट सम्बन्धित सवालमा दवाव श्रृजना गर्ने तथा ११ औं सार्क शिखर सम्मेलनको लागि जन दवाव दिने उद्देश्यले महिला तथा बालबालिका बेचबिखन विरुद्ध क्षेत्रीय नेटवर्क रेसिस्टेन्ट (RESISTANCE




दोस्रो जनसार्कको उद्घाटन समारोह

AGAINST TRFICIING IN WOMEN AND CHILDREN IN SOUTH ASIA) / सानफेक (SOUTH ASIAN NETWORK ON FOOD, ECOLOGY & CULTRE) को संयुक्त आयोजना र साथमा नेपाली राष्ट्रिय नेटवर्क महिला तथा बालबालिकाहरूको बेचबिखन विरुद्ध सहकर्मी समूह - नेपाल (एटविन) र खाद्य सुरक्षाका लागि राष्ट्रिय नेटवर्क (नाफोस) को संयुक्त आयोजनामा गत १८-२१ डिसेम्बर २००० मा काठमाडौंमा दोश्रो जनसार्क सफलताका साथ सम्पन्न भयो । उक्त जनसार्कमा दक्षिण एसियाका पाँच राष्ट्र बंगलादेश, नेपाल, पाकिस्तान, भारत र श्रीलंकाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । उक्त जनसार्कमा विश्वव्यापीकरण, उदारीकरणको नाममा जनताका मानव अधिकार हनन गरी नागरिकहरूलाई विश्वमा नै बाँच्न कठिन भएको जनाउँदै विशेष गरी राज्यले नागरिकका तीनवटा महत्वपूर्ण आधारभूत अधिकार

- घुमफिर गर्ने अधिकार
- आत्मनिर्णय गर्ने अधिकार
- खाद्य सुरक्षाको अधिकार

सुनिश्चित गर्नु पर्ने माग राख्दै "मुक्ति पनि घोषणा पत्र" पारित भयो । यो जनसार्क जनताको सम्मेलन भएको कारण कुनै पनि ठूला ओहोदाका प्रतिनिधिहरूको सहभागिता भन्दा पनि जनस्तरमा अधिकारका लागि कार्यरत कार्यकर्ता तथा विशेष गरी बेचबिखनबाट पीडित भएका व्यक्तिहरूको उपस्थितिलाई महत्व दिएको कारण कुर्सीको समाचार मात्र छाप्न हतारिने समाचार माध्यमले स्थान नदिएता पनि जनसरोकार राख्ने समाचार पत्रहरूले भने महत्वका साथ सुचना प्रवाह गरेको थियो ।

## राष्ट्रिय कार्यशाला

दोश्रो जनसार्कको उत्तरार्धमा नाफोसको तर्फबाट "खाद्य सुरक्षा हाम्रो अधिकार" र एटविनको तर्फबाट "नागरिकहरूको बेचबिखन तथा राज्यको भूमिका" विषयमा दुई छुट्टाछुट्टै राष्ट्रिय कार्यशाला १५-१६ पौष २०५७ मा सफलताका साथ सम्पन्न भयो । दुबै राष्ट्रिय कार्यशालामा खाद्य सुरक्षा र बेचबिखनको सवालबीच सम्बन्ध केलाउने प्रयत्न भएको थियो ।

## छलफलका विषयहरू

- विकृत सामाजिक संरचनाको उपज महिलाहरूको बेचबिखन,
- बेचबिखन विरुद्ध स्थानीय सरकारसँग मिलेर काम गर्दा गै.स.स.को अनुभव,
- नागरिकहरूको बेचबिखन र खाद्य सुरक्षा र नगारिकहरूको बेचबिखन र यसको प्रभाव

एटविनको कार्यशालामा माथि उल्लेख भएका महत्वपूर्ण विषयहरूमा व्यापक छलफल गरिएको थियो । कार्यपत्र प्रस्तोता तथा आफ्नो अनुभव राख्ने क्रममा बेचबिखनमा परेका व्यक्तिहरूको नै संलग्नता रहेको कारण कार्यशाला जीवन्त भएको थियो । कार्यशाला विशेष गरी सार्क राज्य, एटविन तथा एटविन सदस्यहरूको भूमिका सहित निम्न निचोडहरूमा पुगेको थियो ।

**(क) सार्कको भूमिका**

१. सदस्य राष्ट्रको प्रतिबद्धतालाई सार्कले सम्मानजनक रुपमा लिइयोस् ।
२. सदस्य राष्ट्रहरूले सन्धि तथा उपसन्धिहरूलाई मानेर कानूनहरूको पालना गरोस् ।
३. मानव अधिकारवादी दृष्टिकोणबाट सन्धिहरूको निर्माण होस् ।
४. क्षेत्रीय सन्धिको निर्माण होस् ।
५. सन्धिमा निम्न बुँदाहरू सामेल होस् ।
- बहुक्षेत्रीय कानून
- क्षेत्रीय स्तरमा विशेष प्रतिवेदक नियुक्ति
- बेचबिखनबाट प्रभावित भएका महिलाहरूलाई छानविन गर्ने नाममा थुनामा राख्ने तथा अधिकार प्राप्त अधिकारीहरू र बेच्नेहरूबाट हतोत्साहित नगरियोस् ।

६. गन्तव्य राष्ट्रले उद्गम राष्ट्र सरह आफ्नो क्षेत्रमा भएका अपराधिक गतिविधिहरूलाई रोक्नका लागि जिम्मेवारी बहन गरियोस् ।
७. महिलाहरूको हिंडडुल गर्ने अधिकारलाई अपराधिक रुपमा नलिई सम्मानपूर्ण रुपमा लिइयोस् ।
८. राजनैतिक अपराध नियन्त्रणका लागि क्षेत्रिय अदालत स्थापना गरियोस् ।
९. सार्कले व्यक्तिको अधिकार हननको सवालमा प्रश्नकर्ताको रुपमा भूमिका निर्वाह गरोस् ।
१०. सार्क लगायत संयुक्त राष्ट्रले नागरिकहरूलाई महत्व देओस् ।
११. सार्कले राज्य र नागरिकहरूको भूमिका स्पष्ट पारोस् ।
१२. क्षेत्रीय महासन्धि निर्माणका क्रममा नागरिक समाजको सुझावहरूलाई पनि समावेश गरेर मात्र बनाइयोस् ।
१३. नागरिक समाजलाई प्रगतिशील कानून बनाउने क्रममा दवाव समूहको रुपमा स्वीकार गरियोस् ।

**(ख) एटविनको भूमिका**

१. विशेष गरी कानूनी रुपमा मानव अधिकार हनन विरुद्ध दवाव समूहको रुपमा कार्य गरोस् ।
२. बेचबिखनको विरुद्धमा सबै पक्षलाई समेट्दै जाने क्रममा सोहीविषयमा काम गर्ने संस्थाहरू पत्ता लगाउने साथै अन्य क्षेत्रमा कार्यरत संस्थाहरूसँग पनि कार्यगत एकता कायम गर्ने ।
३. पीडित पक्षलाई क्षतिपूर्ति दिलाउने तथा सामाजिक पुनर्स्थापन गर्न गराउन पहल गर्ने ।
४. बेचबिखनबाट प्रभावित भएका व्यक्तिहरूको संलग्नतामा संस्था/समूह निर्माणमा जोड दिने ।
५. परिवर्तित अवस्था अनुसार तथ्याङ्क तयार गर्ने ।
६. एटविन जिल्ला स्तरसम्म जानु पर्ने
७. सदस्य संस्थाहरूमा भएको स्रोत र सीपहरूलाई अत्यधिक मात्रामा प्रयोग गर्ने ।
८. एटविन र स्थानीय समूह/संस्थाहरू मिलेर काम गर्ने प्रकृयाको शुरुवात गर्ने ।
९. धारणागत स्पष्टताका साथ संयुक्त रुपमा विषयगत अभियान संचालन गर्ने ।

**(ग) एटविन सदस्यहरूको भूमिका**

१. बेचबिखन विरुद्ध मुद्दा दायर गर्ने तथा त्यसका लागि बजेट छुट्याउनु पर्ने ।
२. सदस्यहरू सकृय हुनु पर्ने
३. कार्यनीतिमा नै सदस्य संस्थाहरूको भूमिका स्पष्ट पार्नु पर्ने ।
४. बेचबिखनको मूल कारणको विश्लेषण गर्नुका साथै अनुभवहरूको आदान प्रदान र दवावमूलक कार्य गर्नु पर्ने ।

□

# चेलीबेटी बेचबिखनको मुद्दा भनेको राजनैतिक मुद्दा हो

**(धेरै लामो समयदेखि निरन्तर रुपमा नारीवादी आन्दोलनमा क्रियाशील मीना पौडेल शुरुमा सरकारी सेवामा संलग्न हुनुहुन्थ्यो । सरकारी सेवालाई बीचैमा छाडेर संघ संस्थामार्फत महिलावादी दृष्टिकोण बोकेर सामाजिक आन्दोलनमा होमिनुभएकी पौडेल हाल अन्तराष्ट्रिय गैरसरकारी संस्था अक्सफाम नेपालकी कार्यक्रम राष्ट्रिय प्रतिनिधि निर्देशक हुनुहुन्छ । प्रस्तुत छ – बेचबिखन तथा महिलाको समग्र स्थितिका बारेमा उहाँसँग ओसारपसारका लागि बिपना श्रेष्ठले गर्नु भएको कुराकानीको सार संक्षेप)**



मीना पौडेल
कार्यक्रम प्रतिनिधि
अक्सफाम जी बि
नेपाल

**बेचबिखनका क्षेत्रमा काम गर्न थाल्नु भएको कति भयो ? र यसलाई कसरी हेर्नु हुन्छ ?**

*मीना :* २०४४ सालको कुरा हो । जतिबेला म बिद्यार्थी थिए , त्यतिबेला अध्ययनको सिलसिलामा सिन्धुपाल्चोक गाउँमा जादाँ तत्कालीन सत्तामा बस्ने शक्तिशाली मान्छेहरूले हेलिकप्टर चार्टर गरेर चेलीबेटी ओसारेको देखें । त्यसरी दर्जनौ चेलीबेटीहरू गाउँबाट एकैपटक लगेपछि गाउँमा रहेका ती आमा बाबु, दिदी, बहिनी, दाजुभाई र समुदायहरूले जुन खालको पीडाको सामाना गर्नु पर्‍यो, उहाँहरूको कुरा सुनि सकेपछि मैले यसमा काम गर्न शुरू गरेकी हुँ । २०४६ साल सम्मको स्थितिमा महिला बिरूद्धको हिंसाको सवाल सामाजिक सवालको रूपमा मात्र थियो भने २०४६ सालपछि देशमा बहुदलीय ब्यबस्था आए पश्चात यो राजनैतिक मुद्धाको रूप लियो । नेपालको चेलीबेटी बेचबिखनको मुद्दा भनेको राजनैतिक मुद्दा हो । राजनीतिमा आउने अपराधिक गतिबिधिसँग गाँसिएको मुद्दा हो । म अहिले यो मुद्दालाई राजनीति भित्र हुने एक पाटोको रूपमा हेर्छु ।

**हेलीकप्टरमा आई उढाएर लैजाने भन्नाले बाहिरका मानिस आएर हो वा अरु कसैले लैजाने कस्तो हो ?**

*मीना :* महिलाहरूलाई गाउँका साना दलालहरूले जम्मा गर्ने र गाउँ भन्दा बाहिरका ठुला दलालहरूले उनीहरूलाई हेलिकप्टरमा राखेर एकै चोटि लैजाने गर्दथे । राम्रो काम दिन्छु, सुनौलो भबिष्य हुन्छ भन्ने लोभ देखाएर हेलिकप्टरमा राखेर उडाएर काठमाडौमा ल्याउने, काठमाडौबाट बम्बै तिर पठाउने गरिन्थ्यो ।

**यस समस्यालाई समाधान गर्न कस्ता प्रयास भइरहेका छन् र कस्तो हुनुपर्ला ?**

*मीना :* यो मुद्दा राजनैतिक समस्याका रूपमा आइसक्यो तर हाम्रा समाधानका उपाय र अभियानहरू भने सामाजिक र महिला संग सम्बन्धित मात्र भएर गईरहेका छन् । त्यसैले स्थानीयदेखि अन्तराष्ट्रिय तह सम्मको बिश्लेषण हेर्दा एकातिर राम्रो पक्ष के देखिएकोछ भने स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्मका यसका बिरूद्धमा लाग्ने अभियानकर्ताहरू यस सवाललाइ महिलाको मात्र समस्या होइन राजनैतिक समस्या हो भन्ने रूपमा बुझ्न थालेका छन् । यो एउटा उपलब्धी हो । चेलीबेटी बेचबिखनको मुद्दा देशमा बिद्यमान राजनीतिक व्यवस्थासँग गाँसिएको कारणले र राजनीतिभित्र आएका विकृतिहरूले गर्दा जटील हुँदै गइरहेको छ । यो झन भयावह हुँदै गईरहेको छ भनेर यसका बिरुद्धमा लाग्नेहरूले बुझिरहेका छन् । यो राम्रो पक्ष हो भने यसलाई समाधान गर्नको निम्ति संगठित रूपमा लाग्नु पर्छ र समष्टिगत रूपमा कार्य गर्नु पर्दछ ।

**नेपालमा सम्पन्न दोश्रो जनसार्क सम्मेलनको औचित्य के थियो ? र कुन कारणले गर्दा जनसार्क सफल भएको ठान्नु हुन्छ ?**

*मीना :* जनसार्क नेपालमा पहिलो पटक भएको भएपनि यो दोश्रो सम्मेलन हो । समाजमा रहेका स्थानीय, क्षेत्रीय, अन्तराष्ट्रिय स्तर सम्मका निकायहरू, राज्यसत्ताहरू जबसम्म जिम्मेबार हुदैनन, पारदर्शी हुदैनन्, जबसम्म इमान्दार हुदैनन् तबसम्म समस्याको समाधान हुदैन भन्ने कुरा हाम्रो पहिले देखिको बिश्लेषण हो । त्यसले गर्दा हामीले १९९७ मा माल्दीभ्समा सम्पन्न नवौं सार्क सम्मेलनदेखि नै जनसार्कको कल्पना गरेका हौं । हामी दक्षिण एशियाका केही महिलावादी संस्थाका साथीहरू मिलेर राष्ट्रिय स्तरमा आफ्नो सरकारलाइ दबाब दिंदा दिंदै पनि क्षेत्रीय स्तरको सरकार भनेको सार्क हो र सार्कलाइ दबाब दिएर

**औपचारिक रूपमा सरकारको जस्तै जनताको पनि जनसार्क सम्मेलन हुनु पर्छ , जसरी सरकारी निक( ायको सम्मेलन सार्क हुन्छ भने, त्यसैगरी जन स्तरको सम्मेलन जनसार्क हुन्छ ।**

यसै मार्फत बेचबिखन बिरूद्धको अभियान पनि अगाडि बढाउनु पर्छ भन्ने मान्यता बोकेर जनसार्कको परिकल्पना भएको हो । सार्क पनि यसलाई नियन्त्रण गर्न जिम्मेबार हुनुपर्छ भन्ने कुराको निचोडमा हामी आइसकेपछि नवौं सार्क सम्मेलनमा आएर चेलिबेटी बेचबिखनका मुद्दालाई औपचारिक रूपमा सार्कले स्वीकार गर्नुपर्छ भनेर दबाब दिइ सकेपछि मात्र सार्कले स्वीकार गरेको हो । यसभन्दा अगाडि चेलिबेटी बेचबिखन सम्बन्धि कुरै हुदैंनथियो र उनीहरू स्वीकार्ने पक्षमा पनि थिएनन् । त्यसपछि मालदिभ्समा महिलावादी संस्थाहरूको पहिलो भेलाले सार्क स्तरीय NGO Froum बनायौं, छलफल गर्‍यौं र हामीलाई के लाग्यो भने जबसम्म जनसमूहदायबाट दबाब दिइदैन, जनसमूदायबाट यस मुद्दालाई माथिसम्म उठाइदैन र सार्कको निर्णय जनसमूदाय सम्म पुर्‍याइदैंन, तबसम्म सार्कले जिम्मेवारीपूर्वक काम गर्दैन भन्ने लाग्यो । सरकारहरूलाई संस्थाहरूबाट दबाब दिनुका साथै जनस्तरबाट पनि दबाब दिनु पर्छ, यसको बिरूद्धमा लाग्ने अभियानकर्ताले पनि दबाब दिनुपर्छ भनेर जनसार्कको कल्पना गरे अनुसार १९९८ मा श्रीलंकामा सम्पन्न दशौं सार्क शिखर सम्मेलनमा हामीले पहिलो पटक जनसार्क सम्मेलन सम्पन्न गर्‍यौ । हाम्रो उदेश्य के थियो भने १९९७ मा भएको नवौं सार्क सम्मेलनमा बेचबिखनका कुरालाइ औपचारिक रूपमा स्वीकार गर्ने जुन निर्णय भएको थियो त्यसलाई लागु गर्नु पर्ने, सार्क स्तरीय क्षेत्रीय अदालत खडा गर्नु पर्ने र संयुक्त राष्ट्र सघंमा जस्तै सार्क स्तरको प्रतिवेदक (Rapporteur) को व्यवस्था गर्न सार्कलाई सहमत गराउनु थियो । नेपालमा भएको दोस्रो जनसार्क पनि त्यसैको निरन्तरता (Fallow–up) का रूपमा गरिएको हो र नेपालमा नै किन गरेको भन्दा औपचारिक सार्क सम्मेलन जहाँ जहाँ हुन्छ त्यहाँ, समान्तर रूपमा जनसार्क हुनुपर्दछ र जनमञ्चको रूपमा यो विकसित हुनुपर्छ ।

औपचारिक रूपमा सरकारको जस्तै जनताको पनि जनसार्क सम्मेलन हुनु पर्छ , जसरी सरकारी निकायको सार्क सम्मेलन हुन्छ भने, त्यसैगरी जन स्तरको जनसार्क हुन्छ । समान्तर रूपमा लगेर दवाब श्रृजना गर्नुपर्छ अनि मात्र हाम्रा कुरा सुनिन्छन् र भएका कुरा लागु हुन्छन् भन्ने हाम्रो मनसाय हो । एघारौं सार्क सम्मेलन नेपालमा हुनु पर्ने थियो, बिभिन्न कारणले गर्दा त्यो हुन सकिराखेको छैन । हामीले एक बर्षसम्म पर्खियौ तर सार्क सम्मेलन हुन नसकेपछि हामीलाई शंका लाग्यो कि हाम्रा मुद्धाहरू पाखा लाग्लान । त्यसैले हामीले कम्तिमा जनस्तरबाट निरन्तर दबाव दिइ रहनु पर्छ भनेर औपचारिक सार्क सम्मेलन नहुँदा नहुँदै पनि जनस्तरको सार्क सम्मेलन गरेको हो ।

**जनसार्कको उपलब्धि के भयो त ?**

*मीनाः* .जनसार्कको उपलब्धिको कुरा गर्दा अहिले तत्काल नाप्न सकिने उपलब्धि केही देखिन्न होला तर दक्षिण एशीयामा चेलिबेटि बेचबिखनको विरूद्धमा कार्यरत संघ-सस्थाहरू र सामाजिक र महिलावादी कार्यकर्ताको बीचमा समन्वय भएको छ । बंगलादेशमा कार्यालय भएको रेसिस्टेन्स (RESSISTANCE) क्षेत्रीय स्तरको नेटवर्क हो , अर्को एशियाली महिला मानव अधिकार परिषद छ , यो चेलिबेटि बेचबिखन विरुद्धमा लाग्ने मात्र नभएर महिला अधिकारको अन्य सवालमा पनि काम गर्दछन् । मानवअधिकारको न्यूनतम मापदण्डहरूमा आधारित भएर लैजानु पर्छ भनेर सुझावहरू दिएको छ र अर्को तेस्रो जनसार्कका लागि यसले खाका निर्माण गरेको छ र तेस्रो जनसार्क सन् २००३ मा पाकिस्तानमा हुनेछ र त्यतिबेला सम्म हामीले निरन्तर रूपमा आन्तरिक रूपमा समन्वय विस्तार गर्ने दक्षिण एशीयाका समुदाय, जनताहरूलाई समन्वय गर्ने नागरिक र यसमा लाग्ने मानवअधिकारवादी महिला अधिकारवादी र सामाजिक कार्यकर्ताको बीचमा अन्तरसम्बन्ध बढाउने काम गरिराखेका छौं र यसको उपलब्धि त्यही नै हो ।

**महिला तथा बालबालिका बेचबिखन बिरुद्धको सहकर्मि समूह (एटविन) संस्थापना गर्ने समयमा तपाई पनि संलग्न हुनुहुन्थ्यो, यसको आवश्कता किन पर्‍यो र गठन किन गरिएको हो ?**

*मीना* : नेपालमा चेलीबेटी बेचविखनको सवाललाई महिलावादी सोंचबाट ब्याख्या र विश्लेषण गर्ने र यस समस्यालाई मानव अधिकारको हननको रुपमा लिन नसकिरहेको परिवेशमा *एटविन*को परिकल्पना भएको हो । एटविनले वेचविखनको मुद्दालाई महिलावादी सोचबाट विश्लेषण गर्ने र यस समस्यालाई समाधान गर्ने रणनितीहरू अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त मानव अधिकारका मापदण्डहरू र

महिलावादी अवधारणाको आधारमा हुनुपर्छ भनेर स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा वकालत गरिरहेको छ र यसको प्रमुख काम पनि यहि हो ।

**एटविनले प्रत्येक महिनाको अन्तिम शुक्रबार *कालो पहिरनमा महिला* कार्यक्रम गर्ने गर्छ, त्यस बारे केही भनिदिनु हुन्छ कि ?**

*मीनाः* सर्वप्रथम त्यसको शुरू कसरी भयो भन्ने बारे कुरा गर्नु पर्ने हुन्छ । सन् १९८० को दशकमा इजरायलमा महिला विरूद्धका हिंसा भयो, सार्वजनिक रुपमा महिलालाई बलात्कार गरियो, महिलाहरूलाइ मारियो सार्वजनिक रूपमा गरिएको त्यस्तो कार्यको विरुद्धमा इजरायलका मुस्लिम महिलाहरूले पहिलो पटक 'महिला हिंसा बिरूद्ध' कालो पहिरनमा जुलुस सहित उत्रिए । कालो भनेको बिरोधको सांकेतिक चिन्ह हो र यो इजरायलबाट शुरू भएको विश्वब्यापी महिला आन्दोलन हो । महिला हिंसा बिरूद्धको आन्दोलन हो यो । यसमा बेचबिखन, बलात्कार देखि हत्याका कुरा आउँछन्, कुटपिटका घटना आउँछन्, सार्बजनिक रूपमा महिला माथि गरिने अपमानका कुरा पनि आउँछन् । बिस्तारै ९० को दशकमा आएर एशियाली महिला मानव अधिकार परिषदले पनि यसलाइ निरन्तरता दिदैं दक्षिण एशियामा पहिलो पटक एशियाली महिला मानव अधिकार परिषदले शुरु गऱ्यो दक्षिण एशियामा यो बेंगलोरबाट शुरू भयो पछि फिलिपिन्समा शुरूवात गरियो । AWHRC / OXFAM ले १९९७ मा हुने नवौं सार्क सम्मेलनमा जानु भन्दा पहिले काठमाडौंमा क्षेत्रीय गोष्ठी गरेका थियो र गोष्ठीमा सामेल हुनु भएका सहभागीहरूले पहिलो पटक नेपालको भद्रकालीमा 'कालो पहिरनमा महिलाहरू' को शुरुवात गरे । जस्मा दक्षिण एशीयाका २०० भन्दा बढी सहभागी थिए । त्यसपछि १९९७ मा माल्दिभ्समा नवौं सार्क सम्मेलनमा लविङ्ग गर्न जानु भन्दा अगाडिदेखि शुरु भएको यो कार्यक्रमलाई एटविनले निरन्तरता दिदै आएको छ । साथै यसलाई काठमाडौमा मात्र नभएर जिल्ला-जिल्लामा एटविनका सदस्यहरूले निरन्तरता दिइराख्नु भएको छ । जुन कुरा अति नै प्रशंसनीय छ । यो निरन्तरता महिलामा केन्द्रित महिला हिंसा बिरूद्ध हुने सांकेतिक बिरोध हो ।

**यो कार्यक्रमबाट केही परिवर्तन भएको ठान्नु भएको छ ?**

*मीना :* यसको उदेश्य सत्ता पक्षलाई नैतिक दवाव हो र सर्वसाधारणलाई चेतना जगाउने एउटा अभियान हो । निश्चितै रूपमा नेपालमा एटविनले "कालो पहिरनमा महिलाहरू" जुन अभियान गऱ्यो र त्यसको समिक्षाको कुरा गर्दा, मान्छेहरूको कुरा सुन्दा र पत्रपत्रिकाहरू हेर्दा यसले मानिसहरूमा जनचेतना ल्याउने काम गरेको छ । किन एटविनले यो गर्छ भनेर सोध्ने मानिसले एटविनले महिला हिंसा र मुख्य गरेर महिला बेचबिखन बिरूद्धमा सांकेतिक बिरोध गरेको हो भन्दा मान्छेले महिला बेचबिखन भनेको के हो ? कस्तो हो ? हिंसा के भइरहेछ ? के कस्तो छ ? भनेर मानिसहरूले खोजीनीति गरिरहेका छन् त्यो नै आफैमा चेतना जगाउने माध्यम हो । अर्को भनेको निरन्तर रूपमा सांकेतिक दवावको रूपमा यसले काम गरिरहेको छ । अहिले एटविन र 'कालो पहिरनमा महिला' भन्ने कुरा पर्यायबाची जस्तो भई सक्यो । कसैले सडकमा कालो पहिरनमा महिलाहरू देख्छन् भने एटविनले गरेको भन्ने कुरा नेपालमा स्थापित भैसक्यो । नेपालमा एशियाली महिला मानब अधिकार परिषदले शुरू गरेको अभियानलाई एटविनले निरन्तरता दिइराखेको छ । यो अत्यन्त राम्रो कुरा हो र एटविन जस्तो संस्थाले यसलाई अझ व्यापक बनाउँदै लैजानुपर्छ ।

**अहिले एटविन र कालो पहिरनमा महिला भन्ने कुरा पर्यायबाची जस्तो भई सक्यो । कसैले सडकमा कालो पहिरनमा महिलाहरू देख्छन् भने एटविनले गरेको भन्ने कुरा नेपालमा स्थापित भैसक्यो ।**

**एटविनले शुरुमा कालो पहिरनमा महिला बीचको समयमा कालो पहिरनमा नागरिक र हाल आएर पुनः कालो पहिरनमा महिला भनेर यो कार्यक्रम लाई विभिन्न रुपमा बदलिरहेको छ, यसो गर्नुको कारण चाहि के हो ?**

*मीनाः* यस अभियानको शुरुवात महिला माथि भएको हिंसा र उत्पीडन विरुद्धमा आधारित भएकोले यसलाई महिला पक्षीय अभियान बनाएर लैजानुपर्छ भन्ने क्षेत्रीय र अन्तर्राष्ट्रिय मान्यता हो र शुरुको मर्म पनि हो । त्यसकारण यसलाई नेपालमा पनि महिलावादी सोचमा आधारित भएर बेचबिखनलाई मुल मुद्दा बनाएर लानु पर्छ । कहिले काहिं व्यापक र फराकिलो बनाउने नाममा मुल मुद्दा हराउन सक्छ भन्ने हाम्रो मान्यता हो । त्यसैले एटविनभित्र छलफल हुँदा पुनः महिला केन्द्रीत भएर र बेचबिखनलाई मुल मुद्दा बनाएर लाने निर्णय भएको हुनु पर्छ ।

**तपाई आफु आबद्ध सस्था अक्सफामले के कस्ता सवालमा काम गर्छ ?**

*मीनाः* अक्सफाम एउटा अन्तराष्ट्रिय गैर सरकारी संस्था हो । नेपालमा काम गर्ने अक्सफाम भनेको बेलायती संस्था हो । यसले मुलरूपमा तीन बटा सवालमा काम गर्छ । प्रथमतः हामी मान्छेको नागरिक तथा राजनैतिक अधिकारको ग्यारेन्टीका लागि जनसंगठन निर्माण गर्ने काममा सहयोग गर्छौं । दोश्रो, महिला बिरूद्धको हिंसा, महिला मानव अधिकार र राजनीतिमा महिलाको सवालमा काम गर्छौं । र तेश्रो भनेको कुनै पनि स्थितिबाट हुने दैवी प्रकोपहरू, युद्धका कारणबाट हुने प्रकोप, बाढीबाट हुने प्रकोपका कुरा र जनतालाई राहत दिने, संगठित गर्ने काम गर्छ । नेपालमा चेलीबेटी बेचबिखन सम्बन्धी सवालहरू, निर्वाचित महिलाहरूमा पनि राजनैतिक शशक्तिकरणको सवालमा दलितहरूको जातीय उत्पीडनका बिरूद्धमा संगठित गर्ने सवालमा काम गर्छ । साथै सरकारी नीतिहरूबाट बिस्थापित भएका समुदाय राष्ट्रिय निकुन्ज बाट बिस्थापित भएका समुदाय, जनजातीहरूको सवालमा काम गर्दछ । अर्को सवाल भनेको नेपाल-भारत बीचमा जलस्रोत सम्बन्धी सन्धी सम्फौताका कारणबाट उत्पन्न जलप्रकोपबाट बिस्थापित समूहमा सहयोग गर्ने काम गर्छ ।

**अन्त्यमा अरु केही भन्न चाहनुहुन्छ कि ?**


*मीना :* ओसारपसारलाई शुभकामना महिला बेचबिखन विरुद्ध अभियानमा लाग्ने सम्पूर्ण सहकर्मी सहयोद्धाहरूलाई कहिले नथाक्न अनुरोध । यो मुद्दामा समर्पित भएर अगाडी बढ्न सहज छैन, कठिन अभियानमा योगदान गर्ने सबैलाई धन्यवाद र बेचबिखनका सिकार भएका सारा महिला दिदीबहिनीहरूलाई संगठित हुन आग्रह । ●

## २५ जना बालकको उद्धार

गत २०५८ बैशाख १७ गते एटविन सदस्य संस्था महिला पुर्नस्थापना केन्द्र (ओरेक) द्वारा जनकपुर रेल्वे स्टेशनमा संचालित सूचना केन्द्रमा कार्यरत कर्मचारीहरूको सकृयतामा जनकपुरका २ र महोत्तरीका २३ गरी जम्मा २५ जना बालबालिकाहरूलाई भारतको मुम्बईतर्फ लगिरहेको अवस्थामा स्थानीय प्रहरीको सहयोगमा उनीहरूलाई उद्धार गरिनुका साथै ४ जना अभियुक्तहरूलाई समेत पकाउ गरियो । उद्धार गरिएका बालकहरू ८ देखि १६ बर्ष उमेर समुहका रहेका छन् भने अभियुक्तहरूमा महोत्तरी जिल्ला धमौरा-१ रोजा बस्ने मोहम्मद मजबुन, मोहम्मद लियाकत अलि, सोयबख तथा जमेरूल शेख रहेका छन् ।

बालबालिकाहरूको ओसारपसार एवं बेचबिखनको बिडम्बनापूर्ण श्रृंखलामा यति धेरै बालकहरू एकैपटक उद्धार गरिएको यो पहिलो पटक हो । राष्ट्रिय रूपमा निकै चर्चा पाएको यस घटनालाई बाल अधिकारवादी एवं मानव अधिकारवादी संघ संस्थाहरूले गम्भीर प्रकृतिको अपराधिक घटनाको रूपमा लिइआएका छन् । तर जीउ मास्ने बेच्ने ( कार्य नियन्त्रण) ऐन,२०४३ अन्तरगत मुद्दा चलाइएको उक्त मुद्धामा तीन अभियुक्तहरू साधारण तारेखमा छोडिएको समाचारले भने सबैलाई आश्चर्य चकित पारेको छ । उक्त ज्यादतिपूर्ण घटनाको एटविनले घोर निन्दा गर्दै न्यायिक छानविन गरी दोषी उपर कडा कारवाही गर्न माग गरेको छ ।

# महिला तथा बालबालिका बेचबिखन विरुद्धको अभियान र महिलाको मानवअधिकार



भगवती नेपाल
संयोजक, एटविन

**परिचय**

महिला र बालबालिकाको बेचबिखनको शुरूवात कहिले देखी, कहाँबाट, कस्ले र कसरी भयो भनेर एकीनसाथ भन्न सकिदैंन। तर पनि मानव सम्यताको विकास क्रमसंग संगै यसको पनि विकास भएको कुरा इतिहासमा उल्लेखित विभिन्न घटनाक्रमहरू बाट थाहा पाउन सकिन्छ। समाज विकास क्रममा पूँजीको सचंय संगै विभेदपूर्ण र शोषणयुक्त व्यवहार भएको पाइन्छ। नेपालमा दासप्रथाका समयमा मानव किनबेचले चरमरूप लिएबाट स्पष्ट हुन्छ कि मानव किनबेचको इतिहास लामो छ। यसका साथै बिरूद्धका अभियानहरूपनि सगं सगैं संचालन भएका छन्। यहाँ हालको महिला र बालबालिकाहरूको बेचबिखन प्रतिको बुझाई, बेचबिखनको स्थिति बेचबिखन बिरूद्धमा भएका प्रयास र महिलाको मानव अधिकार सम्बन्धमा लागेका जिज्ञासाहरूलाई यहाँ लिपिबद्ध गर्ने जमर्को गरिएको छ।

**सामाजिक संस्कार र बुझाईको दायरा**

हाम्रो मुलुक नेपाल भौगोलिक हिसावले हिमाल, पहाड र समथर भू-भाग भएको देश हो यहाँ भित्र अनेकन कला, संस्कृति, परम्परा र रीतिरिवाजहरू आ-आफ्नै मौलिकतामा आधारित छन्। अर्थात नेपाल प्राकृतिक र सांस्कृतिक रुपमा धेरै धनी छ। तर यो धन भित्र असमानता आपराधिक कार्य र अन्याय नजानिंदो तरिकाले फिंजिएर र गहिरिएर रहेको छ। यही असमानता, आपराधिक कार्य र अन्यायको उपज मध्येको एउटा पाटो महिलाको किनबेच हो। यसलाई हाम्रा कथित सामाजिक संस्कार र परम्पराले धर्म र देवताका नाममा संरक्षण पाईरहेका छन्। महिलाको किनबेचको इतिहास हेर्ने हो भने देवता भन्नेहरूको पालामा पनि एक जनालाई भनेर केटी मागेर अर्को मान्छे संग विवाह गरिदिएका, श्रीमानहरूले जुवा हार्दा श्रीमतीहरूलाई कारवाही गरेका, अपहरण गरेर लग्दा पनि "अस्तित्व" भन्दै अग्नी परीक्षा दिनु परेका जस्ता कथाले त्यस वेला पनि महिलाको शरीर माथि खेलवाड हुने, अत्याचार गर्ने र किनबेच पनि हुने गरेको कुरा बुझ्न सकिन्छ। जुन दृष्य स्वयं महाभारत र रामायणका कथाहरूमा पनि भेटिन्छ। महिलाको यौनिकता माथिको कुण्ठा र यौन क्रियाकलाप इज्जत प्रतिष्ठा संग जोडिने गरेको तर पुरुषले चाहीँ अर्काकी श्रीमतीलाई अपहरण गरे पनि वलात्कार गरे पनि सधैं पुजनीय रहिरहेका दृष्यबाट महिला माथिको उत्पीडन स्पष्ट हुन्छ। कविला समाजमा जित्ने जत्थाले हार्ने जत्थाका महिला लाने गरेका कुराले पनि त्यही जनाउँछ भने दास प्रथामा मालिकले नोकरको श्रीमती माथि गर्ने अत्याचार र नोकर स्वयंले आफ्नो श्रीमती, मालिकलाई टकायाएर, रिझाएर जीवन यापन गर्ने गरेको भनाईले पनि स्पष्ट हुन्छ कि त्यति वेला पनि किनबेच थियो। समाज विकास क्रम संगै विभिन्न राजनैतिक र सांमाजिक परिवर्तन भए। त्यस संगै महिलामाथिको हिंसा र अपराधको रुपमा पनि फेरवदल र परिवर्तन भएको पाईन्छ। यसै क्रममा राणा कालमा राणा शासकहरूलाई खुशी पारी पैसा कमाउन आफ्ना छोरी, बुहारी, श्रीमती राणाको दरवारमा काम गर्न पठाउने र त्यसबाट प्राप्त आम्दानीले घर व्यवहार चलाउने गरेको, स्वयं राणाहरूले र भारतमा अंग्रेज शासन रहेका वेला यहाँ आफ्नो सत्ता टिकाइराख्न होस वा अंग्रेजहरूले नेपालमा हमला नगरुन भनेर होस हिमाली भेगका यूवा महिलाहरू 'हिमकन्या' भनेर चढाउने गरेको भनाइ र कथनहरूबाट राणा कालमा पनि महिलाहरूको बेचबिखन हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ। नेपाल चार जात छत्तिस वर्णको साझा फुलवारी हो भनिन्छ, त्यही फुल( वारीभित्र फरक-फरक संस्कृति, सामाजिक परम्परा र रीतिरीवाजका नाममा देउकी प्रथा, विवाह गर्दाको साटो र पोल्टो भन्ने चलन, छोरी विवाह गर्दा रीत र दही ठेकी खाने देखि केटा पक्षबाट पैसा लिएर छोरीको विवाह गरिदिने विवाह पश्चात त्यही केटा संग बस्न नसकेमा दोब्बर बनाई फिर्ता गर्नु पर्ने, लमी हुनेले कपडा र नगद लिने देखि गरीव र अपाङ्ग केटा केटीको पैसाको लेनदेनको आधारमा विवाह गराईदिने

**विहावारीका क्रममा सांस्कृतिक र धार्मिक मान्यताका नाममा अभिभावकहरूले छोरी चेलीको माध्यमबाट नगदी जिन्सी आम्दानी गरेको कुरालाई अझै बेचबिखनका रुपमा स्वीकार गरिएको छैन ।**

चलनहरू हाम्रो समाजमा कहिं कतै कुनै न कुनै रुपमा विद्यमान रहिआएको छ । कतै कतै यसलाई संस्कृतिकै रुपमा विकास गरिएका पनि छन् । यस्ता चलन एवं कार्यलाई किनबेच भन्ने कि नभन्ने ? छलफल र वहशको विषय हो । यसैको उपजको रुपमा आज महिलाहरूको किनबेच भईरहेको यथार्थता हाम्रो अगाडी चुनौतीको रुपमा रहिरहेको छ ।

विहावारीका क्रममा सांस्कृतिक र धार्मिक मान्यताका नाममा अभिभावकहरूले छोरी चेलीको माध्यमबाट नगदी जिन्सी आम्दानी गरेको कुरालाई अझै बेचबिखनका रुपमा स्वीकार गरिएको छैन । यस ढङ्गले कुरा उठाईएको पनि छैन । उठाउन खोजे पनि यो एउटा सामाजिक परम्परा तथा धार्मिक मान्यता हो जसलाई बेचविखन भन्न मिल्दैन भन्नेहरूको संख्या पनि थुप्रै छन् । यी सबै कुरा सामाजिक संस्कार, प्रचलन, रीतिरीवाजको आडमा समाजले नै संरक्षण गरिराखेको कुराहरू हुन् । त्यसैले गर्दा आज महिलाहरू यौन व्यवसाय, सर्कस, घरेलु कामदार, कलकारखाना र अन्य विभिन्न स्थानमा बेचिइरहेका छन् । तर पनि बेचबिखनमा परेको भन्ने वित्तिकै यौन व्यवसायको लागि बेचबिखनमा परेको हो भन्ने बुझाई धेरैको रहेको यथार्थता हाम्रो सामुन्ने स्पष्ट छ । बेचिएका महिलालाई घृणा गर्ने प्रचलन नै बसिसकेको छ । जसको कारण भनेको महिला यौनिकता र यौन क्रियाकलापलाई पुरुषको इज्जत र प्रतिष्ठासंग गाँस्ने हाम्रो सामाजिक परिपाटी र मान्यताले गर्दा हो ।

**बेचबिखनविरूद्ध भएका अभियान र महिलाको मानब अधिकारको प्रशन ?**

महिला तथा बालबालिका बेचबिखन बिरूद्ध सरकारी र गैर सरकारी क्षेत्रबाट थुप्रै प्रयासहरू भएका छन् । धेरै धनराशि पनि खर्च भएको छ । तर हाम्रो अभियानले कहाँनेर, कस्लाई के फाइदा भएको छ, कहाँनेर कस्लाई बेफाइदा भएको छ र कहाँ के खट्किएको छ भनेर विश्लेषण गर्ने गरेको कमै मात्रामा होला । त्यसमा पनि यसलाई मानव अधिकारको दृष्टिकोण बाट हेर्ने काम भने झनै कम भएको छ । यहाँ बेचबिखन बिरूद्ध भएका कृयाकलापहरूलाई तुलनात्मकरुपमा मानव अधिकारको दृष्टिकोणबाट हेर्ने कोशिस गरिएको छ । यस बाट थुप्रै प्रश्नहरू पनि खडा भएका छन् । जस्लाई आत्मसात गरेर अगाडी बढनु पर्ने जरूरी छ ।

**अध्ययन अनुसन्धान र तथ्यांक**

धेरै संघ संस्था वा व्यक्तिहरूले तथ्याङ्क लिने हिसाबले आ-आफ्नै तरिकाबाट तथ्यहरू संकलन गरेको र सोही अनुसार तथ्याङ्कहरू बाहिर ल्याइएका छन । बेचबिखन सम्वन्धी एकीन र आधिकारिक तथ्याङ्कहरू अहिले सम्म पनि पाइएको छैन । यस सम्वन्धि आधिकारिक तथ्याङ्कका लागि हाल सम्म न त सरकारले अध्ययन गर्नु आवश्यक ठानेको छ न त गैर-सरकारी क्षेत्रबाट नै गहन र विश्लेषणत्मक अध्ययन भएको छ । तैपनि विगत १०/१२ वर्ष देखि हाल सम्म लगातार हरेक संघ/संस्था एवं अन्य निकायले नेपालबाट वर्षेनी ५ देखि ७ हजार सम्म महिला तथा बालबालिकाहरू बेचबिखनमा परेका छन् भन्ने गरिएको छ । यहाँनेर उठ्ने प्रश्न के हो भने हरेक वर्षमा करीव यति भन्नको लागि हामीले कुन अवधारणा अनुसार गरेको अनुसन्धान हो ? अनुसन्धान गर्दा भारतका कोठीमा यौनकार्य गर्ने महिलाहरू सबै बेचिएका हुन् भनेर गरेको हो कि ? घर छोडेर कामको खोजीमा गाउँ भन्दा बाहिर गएका महिला तथा बालबालिका सवै बेचिएका हुन् भनेर गरिएको हो ? सीमानापारि जाने सबै महिला बेचिएका हुन् भनेर गरिएको हो ? हेर्नु पर्ने यो एउटा पाटो छ । यहाँ के कुरा उठ्छ भने भारतको कोठीमा यौन कार्य गर्ने सबै महिला बेचिएका भनेर उल्लेख गरिएको भए बिभिन्न समस्यामा परि जे जस्तो भएपनि त्यही काम गरेर पेट पाल्छु भनेर उमेर पुगेका महिलाहरूले आफ्नो खुशीले (थाहा भएरै) पेशामा संलग्न भएकाहरूको संलग्नताको प्रकृया हेर्दा बेचबिखनको परिभाषाभित्र पर्दैन । त्यसरी उमेर पुगेका परिणाम मतलव बुझेर यौनकार्यमा लागेका महिलाहरूको हकमा छुट्टै तरिकाबाट हेरिनुपर्छ ।

यसैगरी गाउँ छोडेर बाहिरिएका महिला र बालबालिका सबै नै बेचबिखनमा परेका हुन भनेर उल्लेख गरिएको भए कामको खोजीमा सपरिवार नजीकको शहर वा सीमापारि गएका आधारमा त्यो बालबालिका र महिलाहरू पनि बेचबिखनको तथ्याङ्कमा परेको भए के हामी बसाँई सराईको अधिकार हनन् हुने योजना त बनाउन गइरहेका छैनौ ? अर्को प्रश्न खडा हुन्छ । अर्को कुरा सीमानापारि जाने सबै महिला र बालबालिका बेचिएका हुन भनेर उल्लेख गरिएको भए कामको लागि अस्थाई बसाँई सराई गर्ने र म

कहाँ, किन, के कामको लागि, कति समयको लागि जादैछु ? भन्ने थाहा पाएर आफु खुसी कामको लागि सीमापारि जाने उमेर पुगेका महिलाहरू पनि हाम्रो एक बर्षमा ५–७ हजार भनेर उल्लेख गरिएको तथ्याङ्कमा परेको भए हाम्रो बेचबिखन प्रतिको बुझाई के हो त ? भनेर स्पष्ट हुनु जरूरी छ । यदि यसो गरेको भए यही तथ्याङ्कको आधारमा हामीले बनाउने योजनाले के महिलाको हिडडुल गर्ने र जिविकोपार्जनको लागि काम गर्न देशभित्र र बाहिर जाने अधिकारको हनन् त हुदैन ? यो सवालमा काम गर्ने सबैले आफैले आफैलाई गर्नु पर्ने प्रश्न यो एउटा छ । यदि यस्तो होइन भने किन हामी यति जना बालबालिका (बालक र बालिका छुट्याएर) यति जना महिला गाउँ बाहिर (आफ्नै देशमा) वा सीमानापारि गएकोमा यति जना बेचिएका र यति जना आफ्नो खुसीले कामको लागि गएका छन् । ती बेचिएका मध्ये पनि कुन काममा कहाँ कतिजना बेचिएका र कहिलेदेखि कहिले सम्म (सर्भेक्षणको अवधि) गरेको अध्ययन र यो ठाउँमा गरेको अध्ययन भनेर स्पस्ट प्रकाशमा ल्याउन सक्दैनौ ? सबैको लागि यो पनि एउटा सोचनीय विषय हो । हुन त मानव बेचबिखनको तथ्य तथ्याङ्क पत्ता लगाउनु भनेको सारै संवेदनशिल र जोखिमपूर्ण कुरा हो र यो स्थीर पनि हुदैन । तर पनि अझै सम्म उही तथ्याङ्कलाई प्रायः प्रयोग गरिरहिएका कारण यो जिज्ञासा उठन गएको हो ।

**महिला समुह गठन र परिचालन**

कुनै पनि कुरा प्राप्तिको लागि संगठन चाहिन्छ । व्यक्ति एक्लैले केही पनि गर्न सक्दैन । ती संगठनहरू विभिन्न प्रकारका हुन्छन् र छन् पनि । यहाँ उल्लेख गर्न खोजिएको विषय महिला र बालबालिका बेचबिखनविरूद्ध बनेका महिला, बाल र यूवा समूहहरूको हो । यस सवालमा काम गर्ने धेरै संस्थाहरूले गाउँ-गाउँमा महिला समूह बनाउने र समूह मार्फत बेचबिखन विरूद्धका कार्यक्रमहरू संचालन गर्ने गरेका छन् । समूह बन्नु र समूह मार्फत कार्यक्रम जानु मात्र ठुलो कुरा होइन । हामीले समूहमा दिने सूचना ठूलो कुरा हो । त्यस्ता समूहमा सूचना प्रवाह गर्दा धारणागत रूपमा स्पष्टता खड्किएको विषय भएको छ । समूहले बेचबिखन रोकथामको नाममा महिलाहरूलाई घरबाट बाहिर (शहर बजार र सीमापार) जान रोक लगाउने कार्यले व्यापकता छाएको छ । यस्ता सूचना प्रबाह गर्दा कतिपय ठाँउमा त श्रम ऐनको समेत ख्याल नगरेको पाइएको छ । श्री ५ को सरकारले खाडी क्षेत्रमा महिलाहरू लाई रोजगारीका लागि जान रोक लगाएको कुरा यहाँ सान्दर्भिक हुन्छ । संविधान प्रदत्त हक एवं मानब अधिकार हनन् हुने गरी गरिएका यस्ता निर्णयहरूलाई कसरी हर्ने ? प्रश्न उठ्न सक्छ त्यसो भए रोक नलगाउने त ? नलगाए महिलाहरू बेचबिखनमा पर्ने बिषय त अप्ठ्यारै जस्तो देखिन्छ । तर हामीले सोच्नु पर्ने कुरा के हो भने बालबालिका एवं महिलाहरू लाई कस्ले किन, कहाँ र कसरी पठाउदै छ ? खोजी गरिनु पर्यो । काममा लगाउन लगेको वा पठाएको, पढ्न वा आफन्त संग भेटघाट गर्न लगेको वा पठाएको रहेछ भने पनि सबै अवस्थामा बेचबिखनका लागि नै हो भन्न मिल्दैन ।

उमेर पुगेको (१८ वर्षपूरा भएको) महिला भए कहाँ, को संग, के गर्न जाने, कति समयको लागि जाने र कामको लागि जाने भए, काम गरे वापत कति पारिश्रमिक पाउने ? सुविधाहरू के के छन् सबै थाहा पाएर आफ्नो इच्छाले जान लागेको हो कि ? बाध्य बनाइएको हो ? बुझेर बेचिन सक्ने सम्भावनाबारे सुसुचित गराएर स्वनिर्णय गर्न दिने हो वा रोक लगाउने भन्ने कुरा सबैको लागि छलफलको विषय बनेको छ र बन्नु पनि जरुरी छ ।

यदि उल्लेखित सबै कुरा थाहा पाएर पनि कामको लागि स्वेच्छाले कुनै महिला जान चाहँदा चाहँदै रोक लगाउनु भनेको संबिधानले दिएको अधिकार हनन् गर्नु होईन र ? यसो गर्नु महिला को मानव अधिकार बिरोधी काम हो कि होईन ? हाम्रा यस्ता कार्यले फेरी पनि कतै टाठा बाठा र जाली फटाहालाई नै त सहयोग पुर्‍याई रहेको त छैन ? अर्को पश्न उठ्छ ? यी प्रश्नहरूको न्यायपूर्ण जवाफ आवश्यक छ । त्यस कारण यस सवालमा काम गर्ने सबैले यस सम्बन्धी छलफल चलाउनु अति जरुरी छ ।

**ऐन कानुन सम्बन्धमा**

महिला र बालबालिका सम्बन्धमा थुप्रै नीति नियमहरू बनेका छन् । तर कतिपय बेलामा महिला र बालबालिका भनेको एकै हो भनेर कानून बनाइन्छ तर के आफै सोच्न र बिश्लेषण गर्न नसक्ने बालबालिका र आफ्नो बारेमा आफै निर्णय गर्न सक्ने महिलाको लागि उस्तै कानून बनाइनु उचित होला त ? यसो गर्दा व्यवहारत बालबालिका को लागि अपराध र महिलाको लागि अन्याय भएन र ? त्यसमा पनि

**महिला र बालबालिका सम्बन्धमा थुप्रै नीति नियमहरू बनेका छन् । तर कतिपय बेलामा महिला र बालबालिका भनेको एकै हो भनेर कानून बनाइन्छ तर के आफै सोच्न र विश्लेषण गर्न नसक्ने बालबालिका र आफनो बारेमा आफै निर्णय गर्न सक्ने महिलाको लागि उस्तै कानून बनाइनु उचित होला त ?**

**यदि उमेर (१८ बर्ष) पुगेको महिला रहिछन र आफू कहाा किन के को लागि जान लागेको भन्ने स्पष्ट भएर स्वेच्छाले जुन काममा जाने हो त्यही काम गरेर जिविकोपार्जन गर्न इच्छुक रहिछन् भने फेरी पनि महिला भएकै कारण र सीमा पार जान लाग्ने वित्तिकै बेचिनै लागेको ठानी फर्काउनु भनेको पनि हिँडडुल गर्न पाउने, श्रम गरेर जिविकोपार्जन गर्न पाउने अधिकार हनन् गर्नु होइन र ?**

चाहे बेचबिखन होस वा अरु कुनै सवाल कानून निर्माण गर्दा महिला लाई सधैं फरक व्यवहार गर्ने गरी बनाइएको हुन्छ । बेचबिखन बिरूद्ध कानून बनाउदा महिलाहरू लाई कामको लागि सीमाना पार जान बाटै रोक लगाउनु भनेको मानव अधिकारको ठाडो उल्लघंन र महिलाको मानव अधिकारको हनन् होइन र ? यसो गर्नु भन्दा जहाँ जे कामको लागि गएको हो त्यो काम गर्न उसले पाएको छ वा छैन अन्तराष्ट्रिय श्रमिक मापदण्डको आधारमा काम गराएको छ कि छैन अनुगमन गर्ने संरचना र प्रकृया तयार एवं कार्यान्वियन गर्नु आवश्यक देखिन्छ ।

**उद्धार र पुनस्थार्पना**

कतिपय संस्थाहरू तथा हाल आएर श्री ५ को सरकारले पनि बेचबिखनमा परेकाहरूलाई उद्धार एवं पुनर्स्थापना गर्ने कार्यहरू गरिरहेका छन् । जसमा उद्धारको कुरा गर्दा दुई किसिमबाट भइरहेको पाइन्छ । पहिलो, काम गरिरहेको स्थानबाट र दोश्रो, सीमाना पार गर्न लागेको अबस्थामा । यी दुवै गर्नै पर्ने र अति संबेदनशील एवं जोखिमपूर्ण कार्य पनि हुन् तर उद्धार गर्ने नाममा बालबालिका बाहेक यदि उमेर (१८ बर्ष) पुगेको महिला रहिछन र आफू कहाँ किन के को लागि जान लागेको भन्ने स्पष्ट भएर स्वेच्छाले जुन काममा जाने हो त्यही काम गरेर जिविकोपार्जन गर्न इच्छुक रहिछन् भने फेरी पनि महिला भएकै कारण र सीमा पार जान लाग्ने वित्तिकै बेचिनै लागेको ठानी फर्काउनु भनेको पनि हिँडडुल गर्न पाउने, श्रम गरेर जिविकोपार्जन गर्न पाउने अधिकार हनन् गर्नु हाईन र ? उद्धार पश्चात पुनः बिना तयारी त्यहि घरमा पठाएर मानसिक र शारीरिक यातना खप्दै सामाजिक वहिष्कारपूर्ण जिवन जिउन बाध्य बनाउनु भनेको उनको मानव अधिकार हनन गर्नु हो ।

अलपत्र परेका बालबालिकालाई पुनर्स्थापना गर्नु अति सराहनीय र सम्मान योग्य कार्य हो । तर हाम्रो पुनर्स्थापना गृहमा आत्मसम्मान, शशक्तिकरण, स्वास्थ्य उपचार, शिक्षा र मनो-सामाजिक परामर्श, सामाजिकीकरणको प्रक्रिया सो अनुरुपको वातावरण छ वा छैन त्यो चाहिँ सोचनिय कुरा हो । यदि यी माथि उल्लेखित मध्ये एउटा कुरा मात्र नभए उनीहरू माथि पुनः अन्याय हुन जान्छ । त्यसैले माथि उल्लेखित काम गर्नु पूर्व सबै कुरामा ध्यान दिनु जरुरी छ ।

**सामाजिकीकरण र पारिवारिक पुनर्मिलन**

सामाजिकीकरण र पारिवारिक पुनर्मिलन कार्य झट्ट बुझ्दा उस्तै लागेता पनि दुई फरक-फरक पाटा हुन भने एक अर्काका परिपूरक पनि हुन् । समाजमा स्वीकार्य व्यक्तिलाई परिवारले सजिलै स्वीकार्छ भने परिवारले ससम्मान स्वीकारगरेको व्यक्तिलाई समाजले पनि सजिलै अस्वीकार गर्न सक्दैन । यहाँनिर आयो हाम्रो कामको कुरा, कामको कुरा गर्दा हाम्रो जस्तो महिला विरोधी सामाजिक संरचनामा बेचबिखनमा परेका महिला भनेको यौनकर्मी (यौन ब्यबसाय गर्ने) मात्र हुन भन्ने बुझाई र सोही अनुसारको सूचना प्रबाहले गर्दा न त घरले स्वीकार्छ न त समाजले । यस्तो अबस्थामा ३ महिना वा ६ महिना सिलाई कटाई तालिम दिएर घर पुऱ्याएका महिलाको हालत के होला ? यहाँ उल्लेख गर्ने पर्दैन । अब आयो हाम्रो आफनो समीक्षा र मुल्याङ्कन; सामाजिकीकरणका नाममा अन्य बिषय, सम्बन्धित व्यक्तिको अवस्था, पारिवारिक र सामाजिक धारणालाई नबुझी, धारणामा परिवर्तन नल्याई घरमा जिम्मा लगाएर सामाजिकीकरण गऱ्यौं, पारिवारिक पुनर्मिलन गऱ्यौ भन्यौ भने फेरी अन्याय र उनीहरूमाथि अपराध गरेनौ र ? माथिका सबै कुरा यो अभियानमा लाग्ने सबैले सोच्ने, छलफल गर्ने, बुझ्ने र आवश्यक ठानेमा सोच र काम गर्ने शैलीमा परिवर्तन गर्ने गराउने बिषय हुन् । यदि हामी बेचबिखनको सवालमा काम गर्छौ भने बेचविखनबाट प्रभावित ब्यक्तिहरूको मानव अधिकारको सुनिश्चित गर्ने गराउने प्रतिवद्धताको आवश्यक देखिन्छ । ●

**महिला तथा बालबालिकाको बेचविखन एक अमानवीय समाजिक अपराध हो ।**

# महिला विरुद्धको हिंसा र बेचबिखन



सुजिता शाक्य

१. महिला हिंसाको पृष्ठभूमि

मानिस जंगली अवस्थामा रहँदा मानव जातिलाई प्राकृतिक प्रकोप र अन्य जंगली हिंश्रक जनावरहरूबाट सुरक्षित भएर आफ्नो अस्तित्व रक्षा गर्ने कुरा नै प्रमुख थियो । यसरी मानिसले प्राकृतिक प्रकोपबाट बचेर हिंश्रक जन्तुहरूलाई पनि आफ्नो अधीनमा राख्ने, त्यसलाई आफ्नो सुख सुविधाको लागि उपयोग गर्नुको साथै एक अर्कासंग मिलेर काम गर्न थालेपछि मानव जातिको विकास र बृद्धि भयो । उसले आफ्नो दिमागी अभ्यास र प्रयोगबाट नयाँ नयाँ कुराहरू पत्ता लगाउँदै गयो । यी सबै कुरा मानवीय हितका पक्षमा भएका सकारात्मक कुराहरू थिए । तर त्यसको साथसाथै यस विकास प्रक्रियाको नकारात्मक प्रवृत्तिको रुपमा मान्छेले मान्छेलाई शोषण गर्ने र अधीनमा राख्ने स्वार्थीपनाको पनि विकास भयो ।

जनावरलाई आफ्नो कब्जामा लिने, कज्याउने, आफ्नो अनुकूल प्रयोग गर्ने क्रममा मानिसले विस्तारै आफ्नो स्वजाति मानिसहरू जो दुर्बल, मानसिक रुपमा कमजोरहरू छन् र आफ्नो अस्तित्व बचाउने संघर्षमा हार्छन् । तिनीहरूलाई नै आफ्नो दास बनाउने चलन चलायो । यसै क्रममा मानिस-मानिस नै दास र दास मालिकमा परिणत भए । तिनीहरूका साथमा रहेका महिला तथा बालबालिका पनि मालिकका नीजि सम्पत्ति भए । यही नै महिला विरुद्धको हिंसाको शुरुवात थियो ।

महिला विरुद्धको हिंसा र शोषणको विजारोपण दास युगदेखि नै भएको पाइन्छ । कविला-कविला बीचको युद्धबाट जितेका कविलाले हारेको कविलाका मानिसहरूलाई आफ्नो नियन्त्रणमा राख्ने त्यसमध्ये पुरुषलाई दासको रुपमा आफ्नो नीजि काममा लगाइयो । तर महिलाहरूलाई भने भोगविलासको साधन बनाई उनीहरूको शरीरमाथि नियन्त्रण राख्न थाले र उनीहरूलाई घरभित्रै बन्धक बनाएर राखियो र दासीको संज्ञा दिइयो । यस प्रकारले हारेका समूहका दुवै थरी विजयी समूहको दास-दासी बन्न थाले । त्यस समयमा जति धेरै दास-दासी, गाई, भेडाबाखा (पशुधन) भयो त्यति उनीहरू सम्पन्न र धनवान भनिन थालियो । दास-दासी पनि गाई तथा भेडा बाखा सरह सम्पत्तिको कोटीमा पर्न थाले । समय क्रमसंगै पुरुष दासहरू विस्तारै सचेत हुन थाले र विद्रोह गर्न थाले । विस्तारै संगठित विद्रोह र संघर्षबाट उनीहरू क्रूर यातना र अत्याचारबाट मुक्त हुन सफल भए । आफ्नो परिवारमा आफ्नै पहिचान र स्वतन्त्र अस्तित्वका साथ बस्न पाए । मालिकको जग्गामा काम गरेर खान पाउने सीमित अधिकार पाए । तर त्यही समयमा महिलाहरूको स्थिति पुरुष दासको भन्दा भिन्न रह्यो । महिलाहरूलाई पुरुषहरूले आफ्नो सन्तान र वंशज कायम राख्नको लागि सन्तान उत्पादनको साधन बनाए । यसै क्रममा परिवारको विकास भयो ।

महिलाहरू आफ्नो सन्तानको संरक्षण गर्नको लागि आफ्नो स्वतन्त्रताको अधिकारलाई तिलाञ्जली दिन बाध्य भए पुरुषको वंशजको निरन्तरता कायम गर्नको लागि पुरुषहरूको चाहना अनुसार महिला र पुरुषबीच सम्झौता भयो । महिलाहरू परिवारको सदस्यको रुपमा रहन पाए । तर पनि उनीहरूबीचको सम्बन्ध मालिक-दासीकै रुपमा लामो समयसम्म कायम रही नै रह्यो । महिलाले स्व-निर्णय, स्वतन्त्रताको अधिकार गुमाउन पुग्यो, घरको मालिकद्वारा तोकिएको सीमित परिधिमा बाँधिएर बस्न थाले । पुरुषहरूले आफ्नै श्रीमती र सन्तानलाई पनि सम्पत्तिका रुपमा गणना गर्न थाले । महिला पुरुषको सम्पत्तिको रखवारी गर्ने तथा इमान्दारीपूर्वक आज्ञा पालना गर्ने दासीको रुपमा रहन थाले । महिलाहरूले सम्पत्तिको रेखदेख गर्ने दायित्व पाए तर आफ्नो आवश्यकता र इच्छा अनुसार उपयोग गर्न नपाउने स्थितिको विकास भयो । त्यो परिपाटी अनुसार नै महिला आफ्नो छुट्टै अस्तित्व र पहिचान गुमाएर श्रीमानको सम्पत्तिको रुपमा आफू र आफ्नो सन्तानको पालनपोषण गर्ने, श्रीमान र परिवारका अन्य सदस्यहरूको सुसारेको रुपमा रहन थाल्यो ।

यसरी मातृतन्त्रात्मक अवस्थामा ज्यादै शक्तिशाली र स्वतन्त्र अस्तित्व भएका

**महिलाहरूको शक्तिको क्षय र महिला उत्पीडन, हिंसाको शुरुवात त्यस बेलादेखि भयो जुन दिनदेखि नीजि सम्पत्ति र परिवार र वर्गको विकास भयो ।**

महिलाहरू जसले चण्ड मुण्ड, महिषासुर लगायत अनेकौं नामका असूरहरूको विनास गरेका थिए । त्यस्ता विरङ्गणाहरू भगवती, पार्वती, चण्डी, काली, लक्ष्मी, सरस्वती आदि देवीको नाममा शक्तिस्वरुपिणी, माता आदिका नाममा उच्च सम्मान तथा प्रतिष्ठा पाएका थिए । अहिले विश्वका जुनसुकै धर्म र परम्परा हेर्ने हो भने यूरोप, अमेरिका, एसिया, दक्षिणपूर्वी एसिया सबै ठाउँमा महिलाहरूको थुप्रै प्रतिभाहरू देख्न पाउँछौं । त्यसले प्रमाणित कुनै बेला समाजमा महिलाको ज्यादै उच्च दर्जा रहने गरेको थियो । एउटा सवल र नेतृत्वकारी भूमिका निर्वाह गर्न सक्ने व्यक्तित्व थिए । तर यस्तो शक्तिशाली भूमिका निर्वाह गर्दै आएका महिलाहरूको शक्तिको क्षय र महिला उत्पीडन, हिंसाको शुरुवात त्यस बेलादेखि भयो जुन दिनदेखि नीजि सम्पत्ति र परिवार र वर्गको विकास भयो । महिलाको भूमिका पुरुषको खेलौना, भोगविलासको साधन र सम्पत्तिको रुपमा खुम्चन पुग्यो । मातृतन्त्रात्मक अवस्थाका शक्तिस्वरुपाहरू दास युगमा आएर अवला भए, शक्तिविहीन बनाइए । तर विश्वभरि नै एकै तरिकाले महिलाहरूलाई शारीरिक र मानसिक तरिकाले नियन्त्रणमा राखियो भन्ने कुरा भने सत्य होइन । यो विभिन्न स्थानको वस्तुगत अवस्था अनुसार फरक फरक रहेका छन् । जस्तै हिन्दु, बौद्ध, मुस्लिम, क्रिश्चियन लगायत विभिन्न धर्म परम्परामा महिलाहरूको स्थान, उनीहरूलाई हेर्ने दृष्टिकोण फरक फरक रहेको पाइन्छ ।

महिलाहरूलाई नियन्त्रण राख्ने चलन सामन्ती युगमा आएर अझ बढ्न गयो । महिलाहरूलाई दवावकै भरमा मात्र आफ्नो नियन्त्रणमा लिन, उनको भावना तथा मनोविज्ञानमाथि विजय हासिल गर्न नसकिने भएपछि महिलाहरूलाई नियन्त्रणमा राख्नका लागि अनेकौं हतकण्डाहरू अपनाउन थालियो । महिलाहरूलाई आफ्नो कब्जामा युगौं युगसम्म निरन्तर राख्न सकियोस् भन्ने उद्देश्यले अप्रत्यक्ष तथा घुमाउरो तरिकाले नियन्त्रण जमाउन थुप्रै अन्धविश्वासमा आधारित, सामाजिक नैतिक मूल्य मान्यताका नाममा नीति शास्त्रहरू रचियो । जसले महिलाहरू कमजोर हुन्छन्, उनीहरू पुरुषका सहायक मात्र हुन् पूर्ण मानव होइनन्, दोश्रो दर्जाको नागरिक हुन् भन्ने भ्रम फैलाउने काम भयो । स्वयं महिलाहरूलाई पनि त्यस्ता कुराहरू स्वीकार्न मानसिक रुपमा तयार बनाइयो । मनुस्मृति र बधु शिक्षा जस्ता विचारहरूबाट व्यवस्थित रुपमा महिलाहरूमाथि शारीरिक र मानिसक आधिपत्य जमाउने प्रयास सफल भयो । श्रीमान्को मृत्यु भएपछि महिलाहरूलाई जिउँदै डढाउने सति प्रथा जस्तो क्रूर र अमानवीय कार्य गर्न पनि समाज पछि परेन । पछि पछि त्यही कुराहरू संस्कृति र परम्पराको रुपमा विकास हुँदै गयो । यसले महिला र पूरषबीचको सामाजिक विभेद वा लैङ्गिक विभेदको ठूलो पर्खाल खडा गरिदियो । वर्गको उदय सँगसँगै लैङ्गिक विभेदको शुरुवात भयो । लिङ्गि विभेद नै महिला हिंसाको कारक बन्न पुग्यो । यस परिवेशभित्र महिलाहरू पुरुषको बन्धकको रुपमा घरको चार दिवारभित्र कैद हुन बाध्य पारिए, बाहिर घुमफिर गर्न नहुने, अन्य पुरुषहरूलाई हेर्दा पनि पाप लाग्ने पारिवारिक र सामाजिक मान्यताको विकास भयो । महिलाहरू आफ्नो कैदबाट नभागोस् भन्ने उद्देश्यले खुट्टामा नेल र हातमा हतकडी बाँधियो । पछि गएर त्यही नेल महिलाको गहनाको रुपमा खुट्टाको कल्लीको रुप लियो र हतकडीले बालाको रुप लियो । हामीले अहिले पहिरिने गरेका गहनाहरू बन्धकको परिचायक हो ।

त्यस्तै गरी प्रतिव्रता धर्मको नाममा महिलाहरूलाई नैतिक बन्धनमा बाँधियो । तर त्यही परिवेशमा पुरुषहरूलाई केही कुराको बन्देज रहेन, पूर्ण स्वतन्त्रताका साथ विना रोकतोक जहाँतहीं घुमफिर गर्ने, आफूलाई इच्छा लागेको कुरा गर्ने, अन्य महिलाहरूसँग संसर्ग गर्ने (रखैल) छुट प्राप्त भयो । विस्तारै खुला रुपमा बेश्यालयहरू खोल्ने जस्ता कुराहरूको शुरुवात भयो । त्यस प्रक्रियामा ती महिलाहरूबाट खुसी भएर सामन्तहरूले आफ्ना गरगहना र धनराशीहरू दिने परम्पराको थालनी भयो । यसबाट प्रशस्त सम्पत्ति आर्जन गर्न सकिने सम्भावना देखेपछि राज्यले नै स्वीकृति दिएर राजश्व संकलन गर्ने माध्यम बनायो । खुला रुपमा बेश्यालयहरू स्थापना गर्ने बैधानिक छुट पाउन थाल्यो । सामन्ती समाज व्यवस्थामा यसलाई संस्थागत गर्ने स्थिति बन्यो । त्यस्तै गरी पूँजीवादी समाज व्यवस्थामा यसलाई अझै टेवा दिने काम गर्दै आएको छ । महिलाको शरीरलाई पूँजी जम्मा गर्ने मुनाफा कमाउने प्रयोजनमा लगाउँदै आए । महिलालाई सम्पत्ति र दासको रुपमा आफ्नो इच्छा लागेको व्यक्तिलाई दान दिने । आफ्नो छोरीको विवाहमा

दाइजोको साथमा कमारा कमारी पनि दाइजो दिने प्रचलन हाम्रो देशमा राणा कालसम्म पनि रहेको थियो । तर श्री ३ चन्द्र शमशेरको पालामा आएर कमारा कमारीलाई मुक्त गर्ने घोषणा गरियो । तर त्यसको अवशेष कमैया प्रथाको रुपमा गत सालसम्म पनि कायम रहेको थियो । तर गएको बर्ष लामो संघर्षपछि कमैया मुक्तिको घोषण गरियो ।

यस्तै पहिलो तथा दोश्रो विश्वयुद्धमा साम्राज्यवादी शक्तिहरूका सैनिकहरू मार्फत महिलाहरूलाई ठूलो संख्यामा यौन दासीका रुपमा शोषण र दुर्व्यवहार गर्ने गरेका थुप्रै उदाहरणहरू पाउन सकिन्छ । धेरै देशहरू जहाँ जहाँ ब्रिटिश तथा अन्य साम्राज्यवादी देशहरूले युद्ध गरेर आफ्नो साम्राज्य विस्तार गरे ती देशहरूमा महिलाहरूमाथिको उत्पीडन र हिंसा ज्यादै अमानवीय रहेको पाइन्छ । तिनीहरूले वेश्यालयहरू संस्थागत गर्ने काम गरे । यसरी भारत, थाइल्याण्ड लगायत विश्वका थुप्रै देशहरूमा यौन व्यापारलाई वैदेशिक मुद्रा आर्जन गर्ने र राजश्व उठाउने एउटा प्रमुख श्रोतको रुपमा लिइएको पाइन्छ । यसबाट महिलामाथि हुने हिंसा, बेचबिखन जस्ता कार्यहरू भविष्यमा पनि लामै समयसम्म रहने संकेत देखिन्छ ।

## २. विगतमा महिलालाई हेर्ने दृष्टिकोण

महिलाहरूलाई शोषण गर्ने दबाउने तरिकाहरू संसारका बेग्लाबेग्लै देशको दर्शन, धर्म, साहित्य, चालचलन आदि अनुसार अन्तरहरू भए पनि महिलाहरूलाई हेर्ने दृष्टिकोणमा भने समानता पाइन्छ । निम्न उदाहरूणहरूबाट महिलालाई हेर्ने दृष्टिकोण कहाँ कस्तो रहेछ भन्ने कुरा स्पष्ट हुन्छ ।

- भारतमा मनुले नारीलाई जड वा प्राण नभएको वस्तुसँग तुलना गरेका छन् ।
- भारतकै तुल्सी रामायणका लेखक तुलसीदासले नारीहरूलाई ढोल, मुर्ख, पशुसँग तुलना गर्दै प्रताडनाको अधिकारी बताएका छन् ।
- चीनमा कन्फ्यूसियसले महिलालाई दाससित तुलना गरेर "स्त्रीको हीनता प्रकृतिको नियम थियो" भनेका छन् ।
- अरस्तुले स्त्रीलाई पदार्थ बताए र पुरुषलाई गति ।
- ईशाई धर्मले हौवा (आदिम स्त्री) का कारणले सारा संसारमा विपद आएको बताएको छ ।
- पाइथागोरस (प्राचीन युनानका दार्शनिक) ले पुरुषलाई व्यवस्था र प्रकाशसँग तुलना गरे, जब कि स्त्रीलाई अव्यवस्था र अन्धकारसँग ।
- रोमन कानूनले नारीको मुर्खतामाथि नियन्त्रण गर्न त्यसमाथि संरक्षणताको आवश्यकतामा जोड दिएको छ ।
- कैनन कानूनले महिलालाई सैतानको बाटो बताउँछ ।
- अगष्ट काण्टले पुरुष र स्त्रीमा अधारभूत अन्तर भएको बताउँदै शारीरिक, मानसिक, नैतिक वा कुनै पनि प्रकारले स्त्रीको पुरुषसँग समानता नभएको कुरा बताएका छन् ।
- फ्रान्सका प्रसिद्ध उपन्यासका र बालजाकले पुरुषको दिलको धड्कन बढाउने बाहेक अन्य कुनै रुपमा स्त्रीको महत्वलाई स्वीकार गरेनन् । उनले स्त्रीलाई जड सम्पत्ति बताउँदै त्यसलाई मनोमानी प्रकारले हाँक्न पुरुषले स्त्रीलाई कडा नियन्त्रणमा राख्नुपर्ने, अशिक्षित र सम्भव भएसम्म कुरुप पारेर राख्नुपर्ने कुरामा जोड दिए ।
- रुसोले महिलाले शिक्षा मात्र होइन, उनीहरूको प्रत्येक अस्तित्वको त्यो हदसम्म महत्व राख्दछन्, जुन हदसम्म तिनीहरूले पुरुषलाई लाभ पुऱ्याउछन् ।

यस्तै खाले धर्म, दर्शनलाई गुरु मन्त्र मानेर लामो समयसम्म महिलाहरू राजनीतिक अधिकारबाट वञ्चित गर्ने र किनारा लाउन काम गरियो । जस्तै उदाहरणको लागि इरानमा १९११ मा संविधान निर्माणका क्रममा महिलालाई मतदान दिने प्रस्तावको विरोध गर्दै त्यो बेला इरानका धार्मिक नेता शेख आशा मोल्लाहले भनेका थिए, "हामीले यो प्रश्नमाथि विचारै गर्नु हुन्न, किनभने यो इश्लामिक संसदको आचारसंहिताका विरुद्ध छ । तर महिलाहरूलाई त्यसबाट बाहिर राख्नुको कारण यो पनि हो कि अल्लाहले उनीहरूलाई राजनीतिमा भाग लिनका लागि आवश्यक क्षमता प्रदान गरेको छैन । १९२८ मा जापानमा

महिलाहरूलाई शोषण गर्ने दबाउने तरिकाहरू संसारका बेग्लाबेग्लै देशको दर्शन, धर्म, साहित्य, चालचलन आदि अनुसार अन्तरहरू भए पनि महिलाहरूलाई हेर्ने दृष्टिकोणमा भने समानता पाइन्छ ।

**नेपालमा पनि वि.सं. २००४ (सन् १९४७) मा मात्र महिलाले मतदान गर्ने अधिकार प्राप्त गर्न सके । तर पनि नेपाली समाजमा महिल(हरूले घर बाहिरको काममा पुरुष सरह भूमिका निर्वाह गर्न पाउने सामाजिक वातावरण विकास हुन सकेको छैन ।**

महिलाहरूका लागि मतदानको अधिकारको मागको विरोध गर्दै त्यहाँका गृहमन्त्रीले महिलाहरूलाई संबोधन गर्दै भनेका थिए, "आफ्ना घर जाउ र केटाकेटीहरूका कपडा धोउ । त्यही तिमीहरूको उपयुक्त काम र स्थान हो ।" १९७९ फ्रेन्च क्रान्तिको बेलामा जब केही मानिसहरूले राष्ट्रिय सभामा महिलाहरूको अधिकारको घोषणा पत्र प्रस्तावित गरे, त्यसलाई अस्वीकार गरियो । यसप्रकार महिलाहरूको मौलिक हक, राजनैतिक अधिकारबाट वंचित गर्दै महिलाहरूलाई कमजोर बनाउने काम गऱ्यो । नेपालमा पनि वि.सं. २००४ (सन् १९४७) मा मात्र महिलाले मतदान गर्ने अधिकार प्राप्त गर्न सके । तर पनि नेपाली समाजमा महिलाहरूले घर बाहिरको काममा पुरुष सरह भूमिका निर्वाह गर्न पाउने सामाजिक वातावरण विकास हुन सकेको छैन ।

**३. सामन्ती तथा पूँजीवादी कट्टरपन्थीहरूका विचारको प्रतिवाद र संघर्षको थालनी**

तर अर्को ध्रुव सत्य कुरा के हो भने संसारमा सबै कुरा नराम्रो मात्र हुँदैन राम्रो पक्ष पनि हुन्छ भने जस्तै माथि उल्लेख गरिएको दर्शन र मान्यता गलत छ भन्ने कुरा सबैभन्दा पहिले जर्मनका मजदुर नेता अगस्त वेवेल (१८४०-१९१६) ले धार्मिक कट्टरपन्थी, सामन्ती र पूँजीवादी शोषणको विरुद्ध भनेका छन्, "त्यो स्वर्णयुग जसको मानिसहरूले हजारौं बर्षदेखि सपना देख्दै र तीव्र आशा गर्दै आइरहेका छन्, अन्तमा आउने छ । अन्तमा वर्गीय प्रभूत्वको अन्त हुनेछ र त्यसका साथै महिलामाथि पुरुषको प्रभूत्व पनि खतम हुनेछ ।" यसरी उनको भनाइले त्यतिबेला महिलामाथिको शोषणको अन्त्यको सम्भावनाहरूबारे आशा जगाउने काम गऱ्यो । पछि गएर महिलामाथि भएको शोषण र हिंसाको मूल कारण पत्ता लगाउने क्रममा प्रसिद्ध साम्यवादी दार्शनिकहरू मार्क्स र एंगेल्सले समाजको ऐतिहासिक विकासक्रम, त्यसमा महिलाहरूको अवस्थाको बारेमा धेरै कुराहरूलाई स्पष्ट पारे । जसको आधारमा क्लारा जेट्किन, रोजा लक्जेम्वर्ग आदि महिला नेतृहरूले महिलाहरूको समानताको अधिकार बारेमा विश्वभर समानता, विश्व शान्ति र समानताको आन्दोलनलाई संगठित गरे र अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको शुरुवात गरेर विश्वभरी महिला समानताको आवाजलाई फैलाए । विश्वव्यापी रुपमा शोषित, पीडित महिलाहरूलाई संगठित संघर्षको बिगुल फुक्यो । पछि विश्वका दुई ठूला युद्धहरू पछाडि संयुक्त राष्ट्र संघको स्थापना गरियो । यसले समाजवादी अवधारणा अनुसार आएको महिला अधिकारको सम्मान गर्दै मानव अधिकारका सवालसँगै महिला अधिकारका कुराहरूलाई अगाडि बढाए । उनीहरूको संरक्षण गर्ने कुरा अगाडि सारे । हाम्रो देशमा पनि अहिले यस्ताखाले महिला हिंसालाई रोक्नका र समाजबाट निर्मूल गर्नका लागि सामूहिक रुपमा कार्यरत छौं । यसले केही सकारात्मक परिणामहरू पनि देखाएका छन् ।

**४. महिला हिंसाका कारण र स्वरुपहरू**

खासगरी महिला र मजदुरहरू कमजोर र शोषित हुनुमा प्रमुख कारण उत्पादनका साधनहरू र उत्पादित वस्तुहरूमाथि उनीहरूको अधिकार नहुनाले वा उनीहरूको श्रम लगानी गरेर जति सामान उत्पादन गरिन्छ वा सेवा प्राप्त गरिन्छ त्यसको मुनाफाको हिस्सा उनीहरूलाई ज्यादै थोरै मात्र दिइन्छ । महिलाको सवालमा भन्नु पर्दा उनीहरूको श्रमको मूल्यांकन नहुनु, श्रोत र साधनमाथि अधिकार नहुनु नै उनीहरू कमजोर बन्नुको प्रमुख कारण हो । त्यस्तै अर्को कारण महिलाहरूलाई घरेलु अनुत्पादक काममा मात्र सीमित राखेर पुरुषमाथ आश्रित बनाउनु नै महिला हिंसाको कारण हो । सामन्ती र पूँजीवादी सोच अनुसार महिलाहरू सम्पत्ति हुन्, उनीहरूलाई जुन रुपमा पनि प्रयोग गर्न हुन्छ । उनीहरूको सौन्दर्यको व्यापार गरेर जति पनि मुनाफा कमाउन ग्राह्य हुन्छ भन्ने सोच नै आजको महिला बेचबिखनको विकृत परिणाम हो । महिला हिंसाको विभिन्न स्वरुपमध्ये बेचबिखन एउटा स्वरुप हो । यसबाहेक अन्य हिंसाहरूमा

- घरेलु हिंसा
- यौनदासी
- वेश्यावृत्ति र अन्तर्राष्ट्रिय महिला/बालिका बेचबिखन
- प्रजनन् अधिकारको हनन्, बलात्कार
- यौन दुरुत्साहन
- संचार माध्यमद्वारा गरिने हिंसा
- दाइजोको कारणबाट हुने हिंसा
- स्त्री-भ्रुण हत्या, विवाहिता बलात्कार
- धर्म परम्पराका नाममा गरिने हिंसा
- अन्धविश्वास र कुसंस्कारका कारण गरिने हिंसा (बोक्सीको नाममा गरिने हिंसा)

- शारीरिक तथा मानसिक रुपमा कमजोर महिलाहरूमाथि गरिने हिंसा
- बाल विवाह, बहु विवाह, अनमेल विवाह, जारी, देउकी, झुमा, कुमारी
- हानिकारक परिवार नियोजनको साधन प्रयोगबाट भएको हिंसा आदि पर्दछन् ।

**५. नेपालमा महिला/बालबालिका बेचबिखनका प्रमुख कारणहरू**

चेलीबेटी बेचबिखन हाम्रो देशको नियती बन्न पुगेको छ । वर्तमान परिस्थितिमा महिला हिंसाको प्रमुख कारणहरू आर्थिक अधिकार विहीनताबाट सृजित परनिर्भरता, गरिवी, अशिक्षा, बेरोजगारी, अज्ञानता, रुढीवादी धार्मिक संस्कृति, खुल्ला सीमाना, संचार माध्यमको प्रभाव, दलालहरूको धन आर्जन गर्ने सजिलो बाटो, अपर्याप्त तथा फितलो कानूनी प्रावधान, श्री ५ को सरकारको ठोस नीतिको अभाव, लैंगिक सामाजिक असमानता तथा विभेद, पितृसत्तात्मक सामाजिक संरचना, यौन व्यापारमा तीव्रता, राजनीतिक प्रतिबद्धतामा कमी, हिंसा तथा बेचबिखनमा राजनीतिकरण, संयुक्त राष्ट्र संघको अभिसन्धिहरू कार्यान्वयन नहुनु, पारिवारिक विचलन तथा घरेलु हिंसा, समाजका सबै वर्ग तथा समुदायहरू सचेत नहुनु, पीडित व्यक्तिलाई वैकल्पिक जीवनयापनको व्यवस्था नहुनु, सामाजिकीकरण र पुनर्स्थापनामा कमी, विश्वव्यापीकरणका नकारात्मक असर, पीडित पक्षलाई कानूनी सहयोगको अभाव, सामाजिक कुप्रथाहरू जस्तै दहेज र तिलक, पर्दा प्रथा, व्यवसायिक शिक्षाको कमी, बढ्दो शहरीकरण आदि रहेका छन् । यस्ता कुराहरूमा विजय पाउनका लागि सामाजिक आन्दोलनको आवश्यकता रहेको छ ।

**६. निष्कर्ष**

महिला हिंसा र बेचबिखन जस्ता कार्यहरू ज्यादै नै पीडादायक राष्ट्रिय कलंक हुन् । मानव अधिकार विरोधी यस्ता कार्यहरूलाई जबसम्म निर्मूल गर्न सकिंदैन हाम्रो समाज कुरुपको कुरुप नै रहन्छ । प्रकृतिको उपजमध्येको सबैभन्दा उन्नत र विवेकशील प्राणी मानिसहरूमा पनि महिला जाति रचनात्मकता, सौन्दर्य, शान्ति र समृद्धिको प्रतिक हुन् ।उनीहरूलाई उपेक्षा र अपमान गर्नु, अबला, विवेकहीन र बुद्धिहीन सम्झनु आफैलाई अपमानित गर्नु, उपेक्षा गर्नु हो । एउटा परिवारमा एउटा महिला सशक्त हुनु भनेको परिवार र समाज अनि देश सशक्त हुनु हो । समाजको विकृति र विसंगतिको रुपमा रहेको महिला हिंसालाई निर्मूल गर्ने कार्य सबै नागरिकको हो र यस्ता कुराहरूबाट महिलाहरूलाई संरक्षित गर्नु राज्यको प्रथम दायित्व र कर्तव्य हो । यो जिम्मेवारीबाट सरकार भाग्न सक्दैन । उसले आवश्यकता अनुसारको नीति नियम बनाउने, कडाइका साथ लागू गर्ने काम गर्नु पर्दछ । कानूनको पालना नगर्नेलाई दण्ड सजाय दिने जस्ता कुरा पनि यसप्रकारको अवस्थाको अन्त्यका लागि महत्वपूर्ण पक्ष हो । समाजको भूमिका त राज्यको भन्दा अझ बढी नै हुन्छ किन कि एउटा मानिसमा कानूनी नियमहरू भन्दा दह्रो प्रभाव सामाजिक रित र परम्पराको हुन्छ । मानिस समाजभन्दा टाढा बस्न सक्दैन । सबै खालका सामाजिक विकृति र विसंगतिको निर्माणकर्ता, पालक र संरक्षक पनि समाज हो । आज कतिपय सामाजिक बन्धन, कुपरम्परा नै यस्ता खाले हिंसाहरूको कारण बनेका छन् । परिवार, समाज र राज्यले महिलाहरू राज्यको आधा शक्ति हो भन्ने कुरालाई गम्भीर ढंगले आत्मसात् गर्नुपर्छ र असमान सामाजिक अवस्थाको अन्त्य गर्नको लागि आवश्यक नियम कानूनहरूको तर्जुमा गर्नुपर्छ । सामाजिक मान्यता, व्यवहारहरूमा पनि प्रगतिशील परिवर्तन ल्याउनुपर्छ । नराम्रा र हानीकारक मूल्य, मान्यता, संस्कारहरूलाई हटाउने र सबैको हित गर्ने सामाजिक मूल्य मान्यताको विकास गरेर अघि बढ्नु समयको माग हो ।

महिलाहरूको समानताको अधिकारको बहाली गर्ने कुराले महिला मात्र लाभान्वित बन्ने कुरा होइन, राज्य नै सशक्त बन्ने कुरा हो । तसर्थ उनीहरूको आर्थिक, सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृतिक समानताको हकलाई अनिवार्य रुपमा स्थापित गर्नको लागि राज्यको संयन्त्रलाई परिचालित गर्नुपर्छ । सोही अनुरुपको राज्य संचालनको संयन्त्रको विकास गर्नुपर्छ । श्री ५ को सरकारको नवौं योजनामा "महिला विरुद्धका हुने सबै प्रकारका हिंसा र अपराधको रोकथाम गर्न आवश्यक राष्ट्रिय नीति अनुरुप सरकारी, गैर सरकारी संस्थाहरू तथा स्थानीय निकायबाट समेत एकीकृत रुपमा यसको नियन्त्रणको लागि प्रतिरोधात्मक, पुनर्स्थापनात्मक एवं अन्य कार्यक्रमहरूबाट महिलाहरूको मानव अधिकारको संरक्षण

महिलाहरू-को समानताको अधिकारको बहाली गर्ने कुराले महिला मात्र लाभान्वित बन्ने कुरा होइन, राज्य नै सशक्त बन्ने कुरा हो । तसर्थ उनीहरूको आर्थिक, सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृतिक समानताको हकलाई अनिवार्य रुपमा स्थापित गर्नको लागि राज्यको संयन्त्रलाई परिचालित गर्नुपर्छ ।

गरिनेछ" भनेर उल्लेख गरिएको छ । त्यस्तै गरी महिला सशक्तिकरणका लागि राम्रा राम्रा कुराहरूको उल्लेख गरिएको छ । तर अहिलेसम्मको कार्यान्वयनको पक्ष हेर्ने हो भने धेरै कुराहरू कागजमा नै सीमित रहेको पाइन्छ । हाल आएर सीमित सुधारका प्रयत्न भइरहेको भए पनि प्रगतिविरोधी पक्षहरू, धार्मिक र सामाजिक कट्टरपन्थी शक्तिहरू पनि संगठित रुपमा महिला सशक्तिकरणको विरोधमा उभिइरहेको छ । उदाहरणको रुपमा छोरीलाई पैतृक सम्पत्तिमा समान अधिकार दिने कुरा होस् वा भूमिसुधार लागू गर्ने कुरा होस् दुवै सवालमा केही शक्तिहरू निरन्तर खनिइरहेको छ । जबसम्म त्यस्ताखाले परम्परावादी, सामन्ती चिन्तन र त्यसका पक्षपोषकहरूको चिन्तनमा परिवर्तन ल्याउन सकिदैन तबसम्म हाम्रो समाजमा यस्ताखाले हिंसाहरूलाई रोक्न निकै कठिनाई हुन्छ । निर्विवाद रुपमा भन्नुपर्दा महिलाहरूलाई उनीहरूको समानताको अधिकार, अवसरमा समानता, उनीहरूमा भएको सीप, क्षमताको अभिबृद्धि गरी महिला सशक्तिकरण गर्नु नै हिंसा तथा बेचबिखनलाई नियन्त्रण गर्ने प्रमुख कडी हो । तसर्थ हामीले लामो समयदेखि महिलाहरूको घरेलु कामको मूल्यांकन गरिनुपर्छ, महिलाहरूको श्रम र क्षमतालाई अत्यधिक रुपमा विकास निर्माणका काममा लगाउनु पर्छ, महिलाहरूको रोजगारीको ग्यारेण्टी गरिनुपर्छ भन्ने कुराहरू उठाइरहेका छौं । तर उपलब्धि भने मरुभूमिमा एक लोटा पानी बराबर मात्र रहेको छ । महिला हिंसा वा बेचबिखन कार्यको रोकथाम गर्ने वा नियन्त्रण गर्नको लागि राज्य, समाज र परिवारले आ-आफ्नो स्थानबाट दायित्व निर्वाह गर्नुपर्छ । सबैको साझा प्रयासले नै यसमाथि सार्थक उपलब्धि पाउन सकिन्छ । ●

# कसरी हुन्छ खरीद-बिक्री ?

विवाहपछि पनि माइतमै बस्दै आएकी धुम्पाखर गाविसकी अन्जनालाई २०५५ सालमा कुलपिडकोट घर उनकै नन्द सल्यानी बुढाथोकीले घुम्न जाउं भनेर भक्तपुरको जगतेका सुदर्शन महर्जनलाई १५ हजार रुपियाँमा बिक्री गरिन् । प्राप्त जानारी अनुसार सल्यानीसँग पूर्वपरिचित एक दलाल जगतेमा बस्दथे । उनले आफ्नी भाउजूलाई त्यही दलालको हातमा सुम्पिनका लागि त्यहाँ लगेकी थिइन् । उनीहरू त्यहाँ पुग्दा ती दलाल नभेटिएकाले त्यही दलाललाई खोज्ने क्रममा महर्जनसँग भेट भएको थियो । महर्जनले १५ हजार रुपियाँ सल्यानीलाई बुझाएर अन्जनालाई श्रीमती नै बनाए । पछि यस विषयमा प्रहरीमा उजुरी समेत पऱ्यो । प्रहरीलाई वयान दिने क्रममा महर्जनले आफूले १५ हजार रुपियाँमा अन्जनालाई खरीद गरेको भए पनि आफ्नो उद्देश्य गलत नभई श्रीमती नै बनाउन खरीद गरेको दावी गरेका थिए । विवाह गर्दा पनि कम्तिमा ३५-४० हजार खर्च भइहाल्छ, त्यो खर्च गर्नुभन्दा १५ हजाररुपियाँ उनीलाई दिएरमैले श्रीमती पाएँ । बाँकी पैसाले श्रीमतीलाई गहना कपडा खरीद गरेको छु । मेरो कुरा गलत लाग्छ भने मलाई कारवाही गरे हुन्छ भनेपछि उनको नियत खराव छ जस्तो लागेन र उनलाई केही कारवाही गरिएन । तर सल्यानीको नियत नै खराव भएकोले उनलाई कारवाही गर्ने माग गर्दा पनि उनलाई प्रहरीले कारवाही गरेन सम्बद्ध व्यक्तिहरू बताउँछन् । अन्जनाको गर्भबाट अहिले एउटा छोरो पनि जन्मिरहेको बताइएको छ ।

यद्यपि बिक्री गर्नका लागि गाउँबाट लगिएका चेलीहरूमध्ये अधिकांश भारतीय बजारमै बिक्री गरिन्छ । तर कतिपय चेलीहरू स्वदेशभित्रै बिक्री गरिन्छ भन्ने कुरा माथिको घटनाले स्पष्ट पार्छ । जेठल गाविसका अध्यक्ष गंगाबहादुर श्रेष्ठ दलालहरूको सातवटा तह रहेको बताउँछन् । उनका अनुसार अन्तर्राष्ट्रिय स्तर, केन्द्र स्तर, जिल्ला स्तर, क्षेत्र स्तर, गाउँ स्तर, टोल स्तर र चुलो स्तरका रहेका छन् । 'चुलो स्तरका दलालहरूले केटीहरूलाई फकाउने काम गर्छन् भने उसले टोल स्तरकोलाई बुझाउँछ, त्यसपछि गाउँ स्तरकोलाई बुझाउँछ र क्रमिक रुपमा बुझाउँदै अन्तर्राष्ट्रिय स्तरको दलाललाई बुझाउँछ' नेपाली कांग्रेसका स्थानीय नेता समेत रहेका अध्यक्ष श्रेष्ठले दृष्टिलाई बताए । उनका अनुसार दलालहरूको लामो च्यानलकै कारण एउटा तहको दलालले अर्को तहकोलाई चिन्दैन । त्यसले गर्दा एउटी केटीको वास्तविक मूल्य कति हुन्छ भन्ने कुरा चुलो र टोल स्तरको दलाललाई समेत थाहा हुँदैन ।

साभार :
दृष्टि साप्ताहिक, बर्ष १८, अंक ३८, २०५८ साउन २३ गते, मंगलवार, पेज ३

## सचिवालय हस्तान्तरण

हरेक दुई-दुई बर्षमा एटविनका गतिविधिहरूको संयोजन र सचिवालय सचालनको जिम्मेवारी हस्तान्तरण हुने परम्परा अनुसार *सिविन* मा रहेको एटविन सचिबालयको हस्तान्तरण अर्को सदस्य सस्था महिला आत्म निर्भरता केन्द्र (मान्क) सिन्धुपाल्चोक मा मिति २०५७ माघ ४ गते तदनुसार जनवरी १७, २००१ का दिन सम्पन्न भयो । महिला आत्म निर्भरता केन्द्र, (मान्क) सिन्धुपाल्चोकमा रहेको हुनाले त्यहिँ रहेर सचिवालय संचालन गर्न प्राविधिक कारणले असजिलो हुने भएकोले एटविन सचिवालय हाल छुट्टै चाबहिलमा रहेको छ । साथै लामो समय देखि आवश्यकना महशुस गरिएको सचिवालयको चुस्त ब्यबस्थापन समेत गरिएको छ ।

## बैठक र कार्यशाला

एटविनको साधारण वैठक २००१ सेप्टेम्बर सम्म नौ (९) पटक बस्यो । साथै "चेलिबेटी बेचबिखन बिरुद्धको मस्यौदा बिधेयक सम्बन्धि आलोचनात्मक तथा वैकल्पिक ड्राफ्ट तयार गर्ने शिलशिलामा गठित समिनिको वैठक २ पटक बस्यो । यसका अतिरिक्त प्रकाशन सम्पादन मण्डलको वैठक एक पटक बस्यो ।

## छलफल

गत अप्रिल ३, २००१ का दिन एटविन सचिवालयमा चेलिबेटी बेचबिखन र एटविनको धारणा सन्दर्भमा नेपालमा कार्यरत १७ वटा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरू बीच अन्तरकृया कार्यक्रमको आयोजना गरियो । सौहाद्रपूर्ण वातावरणमा सम्पन्न उक्त कार्यक्रमले एटविनको महिला एवं बालबालिकाहरूको ओसारपसार र बेचबिखन सम्बन्धको दृष्टिकोण स्पष्ट पार्न मद्दत गरेको थियो । साथै उपस्थित सहभागिहरूले आफु कार्यरत संस्थाहरूको कार्यक्रम बारे चर्चा गर्नु भएको थियो ।

त्यसै गरी भाद्र १९, ०५८का दिन प्रवासी कामदारको लागि लगिने र बेचबिखन संगको सम्बन्ध खोज्ने प्रत्यन्न गर्ने तथा उनीहरूको अधिकार सुरक्षाका लागि पहल गर्न छलफल चलाउने उद्धेश्यले एक कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा बिभिन्न पाटीका महिला संगठन, युवा संगठन, ट्रेड युनियनहरूको साथै एटविन सदस्य संस्थाहरूको पनि सहभागिता थियो ।

## कालो पहिरनमा महिला

सन १९८० को दशकमा इजरायलबाट महिला हिंसा बिरुद्धको आन्दोलनका रुपमा शुरू भएको 'कालो पहिरनमा महिला' एउटा विश्वब्यापि आन्दोलन हो । नेपालमा पहिलो पटक सन् १९९७ देखि भद्रकालीमा कालो पहिरनमा महिलाहरू भनेर यस अभियानको शुरुवात गरिएको थियो । त्यस पछि एटविनले यस कार्यक्रम लाई हाल सम्म पनि निरन्तरता दिदै आइरहेको छ । महिलाहरूको बेचबिखन र ओसारपसार बिरूद्धको मौन बिरोध एब जनचेतना मूलक कार्यक्रमको रूपमा बिश्वब्यापी रूपमा लोकप्रिय यो कार्यक्रम प्रत्येक अंग्रेजी महिनाको अन्तिम शुक्रबार आयोजना गर्ने गरिन्छ ।

## सहयोग र सहभागिता

आफ्ना सदस्य संस्थाहरूको क्षमता विकासमा सहयोग पुऱ्याउनु एटविनको एउटा प्रमुख कार्य हो । यस अन्तरगत अन्तराष्ट्रिय नारी दिवसको उपलक्ष्यमा शक्ति समूह ले २०५७/११/३० मा आयोजना गरेको कार्यक्रममा बिशेष सहयोग पुऱ्याएको थियो । काठमाडौ महानगरपालिका वडा नं.७ को कार्यालय परिसर भित्र सम्पन्न उक्त कार्यक्रमको उद्घाटन काठमाडौ क्षेत्र नं २ की सांसद बिद्या देवी भण्डारीज्यूबाट भएको थियो । शक्ति समूहकी अध्यक्ष श्री पुजा मिजारको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा डा. रेणु राजभण्डारी लगाएतका वक्ताहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रममा शक्ति समूहको तर्फबाट बिभिन्न नाच, गान र नाटकको प्रदर्शन गरिएको थियो । कार्यक्रमको उद्घोषण विमला ज्ञवालीले गर्नु भएको थियो ।

गत मे २४ मा इन्हुरेड/हिम राईटसद्वारा आयोजित बेचबिखन सम्बन्धी धारणागत स्पष्टता विषयक १ दिने अन्तक्रियामा एटविनका तर्फबाट बिमला ज्ञवालीले सहजकर्ताको भूमिका निभाउनु भई सहयोग पुऱ्याउनु भएको थियो ।

## अध्ययन र अनुसन्धान

महिला एवं बालबालिकाहरूको क्षेत्रमा अध्ययन र अनुसन्धान गरि सूचना एकीकृत गर्नु एटविन सचिवालयको अर्को महत्वपूर्ण कार्य हो । यस सन्दर्भमा बिगत बर्षहरू देखि नियमित रूपमा संचालित कालो पहिरनमा महिला कार्यक्रमको समाजमा परेको प्रभावबारे अध्ययन गरि एक रिपोर्ट तयार गरिएको छ । विभिन्न पेशामा संलग्न ५८४ जना वयस्क महिला-पुरुषहरूको सहभागितमा प्रश्नावलीको माध्यमबाट गरिएको उक्त अध्ययनले कालो पहिरनमा महिला कार्यक्रम अत्यन्त सार्थक भएको देखाएको छ । ●

# श्री ५ को सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयद्वारा तयार गरिएको जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०५८ सम्बन्धमा

**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह-नेपाल (एटविन) को धारणा :-**

१. विधेयकको शीर्षकमा "जिउ मास्ने बेच्ने कार्य नियन्त्रण" भनिएकोमा "मानव बेचबिखन कार्य नियन्त्रण" हुनु पर्दछ ।

२. बेश्यावृत्ति र बेचबिखनलाई एउटै विषय ठहर गरी प्रस्तुत गरिएकोमा यी दुई अलग अलग विषय भएको हुनाले समिश्रण गरी प्रस्तुत गर्न मिल्दैन । मानव बेचबिखन कार्य अनैतिक कार्य मात्र नभई दण्डनीय अपराध भएकोले विधेयकको मर्म र विषयवस्तु सोही अनुरुप हुनु पर्दछ । त्यसैले बेश्यावृत्ति, यौनशोषण, यौन दुराचार, यौन दुर्व्यवहार जस्ता सवालमा वयस्क र बालबालिकाहरूका लागि मानव अधिकार घोषणा पत्र, महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), बाल अधिकार सम्बन्धी महासन्धि (CRCO), बाल यौन शोषण सम्बन्धी प्राटोकल (Protocol on Child sex abuse and exploitation) आदिको भावना अनुसार बेग्लाबेग्लै ऐनहरूको व्यवस्था हुनुपर्छ ।

३. विधेयकको प्रस्तावनामा मानव बेचबिखनको परिभाषालाई समेटिइ सोही मुताविकको पृष्ठभूमि तयार गरिनु पर्दछ ।

४. दफा २ मा ऐनको बहिक्षेत्रीय प्रयोगको सन्दर्भमा मानव बेचबिखनको अपराध तेश्रो मुलुकमा तथा जो कसैबाट भएमा सुपुरदगीको निम्ति द्विपक्षीय/बहुपक्षीय कानूनको व्यवस्था गरिनुपर्दछ ।

५. दफा ३ (क) परिभाषामा "बालक" को परिभाषामा बाल अधिकार महासन्धि (CRC) ले निर्धारण गरेको परिभाषा अनुसार १८ बर्ष मुनिकालाई समेटिनु पर्दछ । साथै विधेयकको शिर्षक, मर्म र विषयवस्तु मुताविक परिभाषित सम्पूर्ण शब्दावलीलाई परिवर्तन गरिनु पर्दछ ।

६. विधेयकको सम्पूर्ण पाठ (text) अध्ययन गर्दा यो बेचबिखन नियन्त्रण गर्ने भन्दा पनि बेश्यावृत्ति (Prostitution) नियन्त्रण गर्ने उद्देश्यले ल्याइएको प्रतित हुन्छ, जुन बेचबिखन (trafficking) को एक सानो हिस्सा वा एउटा गन्तव्यस्थल मात्र हो । जीउ मास्ने र बेच्ने कार्य केवल बेश्यावृत्तिका लागि मात्र गरिदैन, यसका अरु परिणामहरू पनि छन् भन्ने कुरालाई नजरअन्दाज गर्न मिल्दैन ।

७. दफा ४ को खण्ड (ख) मा "बेश्यावृत्ति गरेमा" र खण्ड (ङ) मा बेश्यागमन गरेमा" जीउ मास्ने र बेच्ने कार्य गरेको मानिने व्यवस्था छ । सिद्धान्ततः भन्ने हो भने महिल( ाको शरीरको नियन्त्रण गर्ने अधिकार स्वयं महिलाहरूलाई मात्र छ र त्यसमा पुरुष वा राज्यले नियन्त्रण गर्ने प्रयत्न गर्नु पितृसत्तात्मकताको निरन्तरता गर्ने प्रयास मात्र हो भन्ने कुरा स्थापित मान्यता भैसकेको यथार्थ हो । मानव अधिकारको दृष्टिले पनि "बेश्यावृत्ति" लाई कसैले आफ्नो स्वतन्त्र छनौटको पेशा बनाउंदछ भने त्यसलाई पनि काम वा बृत्ति (Job or profession) को रुपमा स्वीकार गरिनु पर्दछ भन्ने पक्षमा प्रशस्त वकालत भैरहेको अवस्थामा बेश्यावृत्तिलाई अझैपनि सामाजिक सदाचार र नैतिकता विपरितको कार्य मानिनु महिला अधिकार विरोधी कार्य हो ।

८. दफा ५ मा उल्लेखित सम्पूर्ण प्रावधानहरू महिलाहरूको आधारभूत अधिकार विरुद्ध तथा लैङ्गिक समानता विरोधी भएकोले उक्त दफाको कुनै प्रयोजन देखिदैन ।

९. दफा ६ (२) मा जीउ मास्ने र बेच्ने सम्बन्धी कुराको उजुरी प्राप्त भएमा सो उजुरीलाई नजिकको जिल्ला अदालतमा प्रस्तुत गरी अदालतको आदेश बमोजिम गर्नु पर्ने व्यवस्था गरिएको देखिन्छ । यस प्रावधानको अवलम्वनले अनुसन्धान र तत्कालीन preventive measure दिलाइएको कारणले अप्रभावकारी हुने निश्चित छ । किन कि कतिपय स्थितिमा जीउ मास्ने बेच्ने कार्य भैसकेको वा त्यसको उद्योग भैरहेको अवस्थामा आरोपित व्यक्तिलाई तत्काल पक्राउ गर्ने वा पीडितलाई आरोपितको पञ्जाबाट मुक्त गराउनु पर्ने कार्य तुरुन्त गर्नु पर्ने हुन्छ । अन्यथा आरोपित व्यक्ति भाग्ने वा अपराध घटिसक्ने स्थिति आउँछ । यस्तो अवस्थामा उजुरीलाई सर्वप्रथम जिल्ला अदालतमा पेश गर्न तर्फ लागेर तत्पश्चात् निकासा भए बमोजिम अनुसनधान गर्न पछि लाग्दा आरोपित व्यक्ति भाग्ने, उम्कने, अपराध भैसक्ने, पीडितलाई रोक्न नसकिने वा अपराधको रोकथाम गर्ने कार्य निश्प्रभावी हुने सम्भावना रहन्छ । किन कि :

- अपराध हुन लागेको वा भएको ठाउँ र जिल्ला अदालतको मुकाम टाढा हुनसक्छ ।

- अदालत विदा भएको हुनसक्छ ।
- अदालतले प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गर्दा समय लाग्नसक्छ ।

१०. दफा ८ मा उल्लेखित विना वारेण्ट पक्राउ र खानतलासी गर्ने व्यवस्था दुरुपयोग हुन सक्ने प्रशस्त सम्भावना देखिन्छ । साथै पक्राउ गरिसकेपछि २४ घण्टाभित्र पूर्जी दिने व्यवस्था संविधानसँग प्रकट रुपमा बांभिएको छ ।

११. दफा १३ (१) मा यस ऐन अन्तर्गतको कसुर गरी आर्जन गरेको सम्पत्ति जफत हुने प्रावधानले स्वेच्छाले गर्ने बेश्यावृत्तिको पेशाबाट आर्जित आम्दानी समेत जफत हुने देखिन्छ । यसलाई बुंदा ३ को सन्दर्भमा हेरी सोही बमोजिम सामान्जस्य गरिनु पर्दछ ।

१२. दफा १६ (२) मा व्यवस्थित क्षतिपूर्ति पाउनु पर्ने पीडित अगावै मृत्यु भएमा १८ वर्ष मुनिका छोराछोरीलाई सो दिइने व्यवस्था छ । तर पीडित पक्ष नावालक भएमा र निजको मृत्यु भएमा क्षतिपूर्ति कसले पाउने भन्ने प्रष्ट छैन । यस्तो अवस्थामा अभिभावकको संरक्षकत्व मार्फत नाबालकको नाममा क्षतिपूर्ति रकम संचित गरिनु पर्दछ । क्षतिपूर्तिको रकम वापत राज्यद्वारा अलग क्षतिपूर्ति कोष खडा गरिनु पर्दछ ।

१३. दफा १९ मा "मानिसको खरीद बिक्री गर्ने" व्यक्तिको अपराध प्रमाणित भएमा मात्र "नैतिक पतन" देखिने अपराध मानिने व्यवस्था उल्लेख गरी अरु कसुरलाई बाहेक गरिएको छ । यसबाट नाबालक उपर यौनजन्य कार्य गर्ने, नाबालक वा होस ठेगान नभएको व्यक्तिलाई बेश्यावृत्ति गर्न लगने वा जीउ मास्ने र बेच्ने अपराधको उद्योग गर्ने कार्यलाई नैतिक पतन देखिने अपराध मानिएको छैन । ती कार्यहरू पनि "नैतिक पतन" को श्रेणीभित्र पार्नु पर्ने देखिन्छ ।

१४. दफा २० बमोजिम गठित "जीउ मास्ने बेच्ने कार्य नियन्त्रण समिति" र दफा २१ बमोजिम गठित "पुनर्स्थापना केन्द्र" को बीचको सम्बन्ध प्रष्ट छैन । किन कि पुनर्स्थापना केन्द्रको बारेमा र दफा २२ बमोजिमको पुनर्स्थापना कोषको बारेमा नियमद्वारा विस्तृत व्यवस्था गर्न सकिने प्रावधान छ भने समितिको हकमा त्यस्तो प्रावधान नहुंदा यी दुईबीचको सम्बन्धको रुपरेखा प्रष्ट नभएकोले सो को कार्य क्षेत्राधिकार निश्चित गरिनु पर्दछ ।

१५. उद्धार, सामाजिकीकरण, पुनर्स्थापना, सामाजिक पुनर्एकीकरण र पारिवारिक पुनर्मिलनका नीति बालबालिका तथा वयस्कको हकमा भिन्न हुनु पर्दछ । साथै आवश्यकता अनुसार औषधी उपचार र परामर्श (counselling) सेवा प्रदान गरिने व्यवस्था हुनुपर्छ ।

१६. दफा २३ मा बाधा विरोध गर्नेलाई अनुसन्धान तथा तहकिकात सम्बन्धी काम कारवाही गर्दा तोकिएको दशहजार रुपैयाँसम्मको सजाय अर्थहीन देखिन्छ । यस्तो अपराध गर्नेलाई आर्थिक दण्डमात्र नभई कैद सजाय समेत तोकिनु पर्दछ ।

१७. दफा २४ बमोजिमको कार्य गर्न नहुने निषेधात्मक व्यवस्था मात्रै छ दण्डात्मक छैन । यसलाई निश्चित अवस्था र सन्दर्भमा दण्डात्मक बनाउनु पर्ने देखिन्छ ।

१८. दफा २५ मा बेचबिखनमा पर्न लागेका बालक र महिला मात्रलाई आफ्नो जीउज्यान रक्षा गर्दा बात नलाग्ने उन्मुक्ति दिइएको छ । तर यसमा पुरुषहरू पनि बिक्री हुन सक्छन् र उनीहरूले आफ्नो जीउ ज्यानको सुरक्षा गर्दा बात नलाग्ने उन्मुक्ति दिनु पर्ने देखिन्छ । तर बात नलाग्ने कसुर प्रमाणित गर्नु पर्ने प्रमाणको भार भने पीडित अभियुक्तलाई हुनु पर्ने हुन्छ ।

१९. ऐनमा अपराधी प्रमाणित भैसकेका व्यक्तिहरूको हकमा विभिन्न पर्वहरूमा सजायबाट मुक्त गर्ने तथा धरौटीमा नछुटाउने किसिमको व्यवस्था गरिनु पर्छ ।

२०. विशेष अदालत जिल्ला स्तरमा हुने व्यवस्था हुनुपर्छ ।

२१. पक्षमा कानूनी प्रकृयालाई अगाडि लांदा प्रमाणहरूको संरक्षण र पीडित र उनका साक्षीहरूको सुरक्षा राज्यले प्रदान गर्ने व्यवस्था हुनुपर्छ । साथै पीडितलाई आवश्यकता अनुसार भाषा अनुवादकको पनि व्यवस्था राज्यले नै गर्नु पर्दछ । ●

**चेलीबेटी बेचबिखनको सवाललाई नेपाल-भारत सम्बन्धको द्विपक्षीय राजनैतिक मुद्दा बनाईयोस्**

# मुक्ति पानी घोषणा–पत्र

## दोश्रो जनसार्क,

**१८–२१ डिसेम्बर २०००, काठमाण्डौं**

हामी एक तिहाई जनसंख्या ओगट्ने दक्षिण एसिया क्षेत्रका नागरिकहरु बीच हातेमालो गर्दै विशेषतः (क) मानव खाद्य सुरक्षा र बाँच्न पाउने अधिकार (ख) आवागमनको अधिकार र व्यक्तिगत सुरक्षा (ग) स्वनिर्णयको अधिकार को रक्षाका लागि १८ देखि २१ डिसेम्बरका दिनमा काठमाण्डौंमा भेला भएका छौं । हामी यी उद्येश्य प्राप्तिकालागि र विश्वभरीका मानिसहरु (जसका यी अधिकारहरु षड्यन्त्रमुलक ढंगले उल्लघंन भैरहेकाछन्) को पक्षमा निरन्तर संघर्षको प्रतिबद्धतालाई दोहोऱ्याईरहेका छौं ।

हामी हालको असमानतामा, आधारित विश्वव्यापीकरण जसले अधिकांश मानिसहरु माथि शोषण, हिंसा, बढाईरहेका छन्, समुदायको जनजीविकाको माध्यमलाई ध्वंस गर्दछ र अनि मानवसंस्कृतिको विनाश गरेको छ । यसको नाइके डब्ल्यू. टि. ओ., विश्व बैंक र आइ. एम. एफ. जस्ता वित्तिय संस्थाहरुले एकछत्र रजाँइ गरिरहेका छन् । सुनियोजित तवरले जतिबेला हाम्रा बाँच्न पाउने अधिकार आवागमन र स्वनिर्णयका अधिकारहरु खोसिदैगैरहेका छन् त्यतिनै बेला पूँजीवादी र बहुराष्ट्रिय कम्पनी स्थापित हुँदै जाँदैछन् । यो हामीलाई कदापी स्वीकार्य छैन ।

हामी यसकुरामा गहिरो सरोकार जनाउन चाहन्छौं कि हाम्रा सरकारहरु गैर जिम्मेवार तरिकाले यीनै पूँजीपति र कम्पनीको वचाउमा नै लागिपरेका छन् । जसअनुसार उनीहरु विश्व सम्पदालाई एकलौटी पार्ने, हामीलाई शोषण र उत्पिडन गर्ने छुट पाईरहेका छन् । यस प्रकृयाले मानिसहरु दिन पर दिन गरिब हुँदैजाने र केही धनीहरु मात्रले विश्व सम्पदालाई कब्जामा लिने परिस्थिति श्रृजना गरिदिएको छ । हामीलाई यो कुरा अत्यन्त भयावह लागेको छ कि नागरिक शब्दले आफ्नो अर्थ गुमाएको छ भने राज्य शक्ति विहिन बन्न पुगेको छ जसले शोषण बाहेक आफ्ना नागरिकहरुको सुरक्षा र जनअधिकारको ग्यारेन्टी गर्न सकेको छैन ।

हामीलाई यो कुरा स्वीकार्य छैन कि जब निर्वाध रुपमा यस्ता पुँजीहरुलाई छुट दिइएको छ तर नागरिकहरुको आवागमनलाई भने शशस्त्र सीमा बल र नाजीबादी अध्यागमन नीतिहरुले नियन्त्रण गर्न खोजिएको छ । मानिसहरु विशेषगरि महिलाहरुको आवागमनमा संक्रमक रोगहरु विशेषगरी एच. आई. भि. एड्स नियन्त्रण गर्ने बाहनामा बन्देज लगाउने कार्यभैरहेको छ । राज्यले पूर्ण जिम्मेवारीका साथ आफ्ना नागरिकहरुले आफ्नो जनजीविकाको अवसरकालागि देशभित्र वा देशबाहिर जान चाहेमा सुरक्षित आवागमनको प्रत्याभूति दिनुपर्दछ ।

चाडैं नै अमेरिकाको सिनेटमा राखिन लागेको बेचबिखनसम्बन्धी प्रस्तावित विधयक प्रति हामी गम्भिर असहमति जनाउन चाहन्छौं । विभेदपूर्ण यो जातिवादी विधेयकको माध्यमबाट संयुक्त राज्य अमेरिकाले ओसारपसार समस्या नियन्त्रण गर्न नसक्ने देशहरुलाई अमानवीय नाकाबन्दि गरी जहिले पनि अस्वीकार्य पक्षपाती सुरक्षा नीति भित्र पार्न सक्नेछ । थपकुरामा यसले अमेरिकाभित्र कुनै निश्चित स्थानहरुबाट ओसारपसार वा अन्य कुनै तरिकाले प्रवेश गरेका माहिलाहरुलाई सहयोग पुऱ्याउन अस्वीकार गर्न सक्नेछ । हामीलाई लाग्छ यसले ओसारपसारमा परेका महिलाहरुको अवस्था अझ गिर्ने छ र उनीहरु थप हिंसाको शिकार हुनेछन् । त्यसैले हामी यस विधेयकलाई जातीवादी र विभेदपूर्ण संज्ञा दिदै तिव्र आलोचना गर्दछौं । अर्को अमेरिकाका लागि लज्जास्पद हुनुपर्ने कुरा के पनि हो भने CRC/CEDAW लाई अनुमोदन नगर्ने संसारका दुईवटा देशहरु मध्ये उ एउटा हो । कहिलेकाँहि त अमेरिकाले आफूलाई मानव अधिकारवादी भन्दा पनि नाटक जस्तो लाग्दछ । वास्तवमा यस विधेयकको मुख्य उद्देश्य अध्यागमन नीतिलाई अझ कडाई गरि आफ्नो जनजीविकाको आधारको खोजिमा अमेरिका प्रवेश गर्नेमहिलाहरुलाई अपराधि बनाउने रहेको छ, हामी यस कार्यको कडा निन्दा गर्दछौं ।

विभिन्न युद्ध र हिंसाबाट पिडित मानिसहरु विशेषतः महिला र बालबालिकाहरु जो घरबार विहिन भएका र अत्यन्त असुरक्षित अवस्थामा धकेलिई रहेकाहरु प्रति हामी गम्भिर चासो देखाउन

चाहन्छौं । हामी शरणार्थी भन्ने शब्दावलीलाई नै अस्वीकार गर्नचाहन्छौं किनकि यही शब्दावलीकै आधारमा ति मानिसहरुलाई पहिले हिंसा भएकै स्थानमा फिर्ता पठाउन बाध्य पारिने गरिन्छ र राज्यले यसलाई आफ्नो जनसंख्या नियन्त्रणको रणनीति बनाउने गर्दछ ।

हामी प्रविधिका नाममा लोभ र व्यावसायिक फाइदाको लागि कुनै पनि बायोटेक्नोलोजि र जेनेटिक इन्जिनियरिङ्ग अथवा अन्य कुनै उपायले जिनका उपायबाट खाद्य उत्पादनबृद्धि गर्ने सोचलाई अस्वीकार गर्दछौं । जेनेटिक इन्जिनियरिङ्गका जतिसुकै सकारात्मक कुराहरुको प्रचार गरेपनि यसले केही कम्पनिहरुबाट उत्पादित किटनासक औषधिहरु र अन्य सुरक्षित उत्पादनहरु (Patented Products) लाई एकाधिकार बजार प्राप्त हुनेछ । यसले स्वास्थ्य र जैविक वातावरणमा (Biological Pollution) मा गम्भिर असर पुर्‍याउने छ । व्यापारिक फाइदाको दृष्टिले सोचिएको यसकुराले स्थानिय ज्ञानबाट अत्यन्त उपयोगी सिद्ध भएका उत्पादन संबन्धहरु धारासाही हुनेछन् । हामी हाम्रा समुदायहरुलाई विभाजनबाट जोगाउनकालागि विज्ञान र प्रविधि नीति हाम्रो परम्परागत ज्ञान, दक्षता र विश्वासका आधारमा हुनुपर्दछ भन्ने माग गर्दछौं ।

कुनै पनि त्यस्ता प्रविधिहरु जसले हाम्रो नैनिक, विश्वास र सांस्कृतिक मूल्य माथि आघात पुर्‍याउँदछ । तर बहुराष्ट्रिय कम्पनीहरुको पक्षपोषण गर्दै सामाजिक अन्याय र आर्थिक असमानता बढाउछ, लाई हामी अस्वीकार गर्दछौं । जीव, प्रकृति र अर्थतन्त्रको नियन्त्रण गर्ने रोमान्चक जेनेटिक परिक्षण र अनुसंधान हामीलाई अस्वीकार्य छ । हाम्रा कृपकहरुले आफूलाई चाहिने भन्दा बढी अन्न उत्पादन गरिरहेको र अन्न भंडारमा अन्न कुहिरहेको अवस्थामा हामीलाई थप अन्न उत्पादनकालागि वायोटेक्नोलोजि र जेनेटिक ईन्जिनियरिङ्ग आवश्यक छ भनिनु हास्यास्पद कुरा सिवाय केही होइन । हामीसँग पर्याप्त तथ्यहरु छन् कि दक्षिण एसियामा जनसंख्याको वृद्धिभन्दा अन्न उत्पादनको बृद्धिदर बढी छ । त्यस्तै राम्रो ब्यावस्थापन र उचित वितरण प्रणालीमा हाम्रो क्षेत्र खाना र कुपोषणको समस्या समाधानगर्न पूर्णतया सक्षम छ । हामी हाम्रा सरकारहरुसँग सहयोग र सामुहिक कार्य प्रणालीको आधारमा वितरण रणनीति तयार गर्न पूर्ण ध्यान दिन माग गर्दछौं । हाम्रा भोक र कुपोषणका समस्याहरु समाधानकालागि रोमान्चक तर क्षणिक र जोखिमपूर्ण प्रविधिको पछि लागेर मुर्ख नबन्न पनि हाम्रा सरकारहरुलाई सल्लाह दिन चाहन्छौं ।

हामी, सार्क सदस्य देशका जनताहरु, हाम्रा देशका राजनीतिक नेताहरुले सार्क बढापत्रमा उल्लेखित प्रतिबद्धताको भावना अनुरुप कार्य गर्न असमर्थ भएकोमा गहिरो दुख व्यक्त गर्दछौं । सार्कको शुरुवातमा हाम्रा नेताहरु कुनैपनि राजनैतिक व्यवस्था, धर्म अथवा संस्कृतिको पक्ष नलिइकन एकअर्कामा सामाजिक आर्थिक सहयोग बढाउदै यस क्षेत्रका जनताहरुको जीवन स्तर उठाउने उद्देश्यमा सहमत भएका थिए । दशौं सार्क सिखर सम्मेलनको अवसरमा जारी गरिएको कोलम्बो घोषणा पत्रले स्पष्ट भनेको छ कि क्षेत्रका सरकार वा राज्य प्रमुखहरु आपसी विश्वास र सद्भाव अभिवृद्धिका निम्ति प्रतिवद्ध रहने छन् । तिनिहरुले यस तथ्यलाई पनि आत्मसात गरेका थिए कि शान्ति, स्थायित्व, असल छिमेकीपन र सामाजिक आर्थिक सहयोग अभिवृद्धि गर्ने लक्ष्य तब मात्रै प्राप्त हुनेछ जब आपसी वैमनस्यता हटाउँदै र आपसी विश्वास बढाउँदै असल छिमेकीको सुसंबन्ध बढाउँदै लगिने छ । यीनै कुराहरुको ठम्याईका आधारमा उनीहरु यस कुरामा सहमत भए कि आपसी मतभेद झगडा र तनावहरु कम गराउन राजनीतिक प्रकृतिको अनौपचारिक आपसी परामर्श उपयोगी हुनेछ । यो प्रतिबद्धता सार्क शीखर सम्मेलन सम्म कायम हुनु पर्ने थियो । हामीलाई यो लागेको छ कि हाम्रा नेताहरुले हामी यस क्षेत्रका जनताहरुलाई धोका दिएका छन र आफैंले गरेका प्रतिज्ञाहरु र जारी गरेका घोषणा पत्रको भावना जोगाउन असमर्थ भएका छन् । त्यसैले हामी दक्षिण एसियाली जनताहरु एघारौं सार्क सिखर संमेलन यथासीघ्र चाँडै हुनु पर्ने माग गर्दछौं ।

हामी जोडदिएर भन्न चाहन्छौं कि एघारौं सार्क सिखर सम्मेलन स्थगन गर्ने कुनै पनि बाहनाहरु सार्क बढापत्र र भावना अनुकुल छैनन् । त्यसैले यी बाहनाहरु आपसी सहयोग र एकताको भावनासँग मेल खाने खालका छैनन र यीनीहरु यस क्षेत्रका जनताको चाहना विपरित छन् ।

असमानतामा आधारित अहिलेको तथाकथित विश्वव्यापीकरण जसले हाम्रो बाच्ने आधारहरु, र अन्ततः हाम्रो शरीर र आत्मालाई वस्तुको रुपमा बजारीकरण गरेको छ को बिरोध गर्दै हामी यस्तो विश्वव्यापीकरणको लागि प्रतिवद्ध छौं जहाँ समानता, विविधता र दीगोपनाको आधारमा सबै प्रकारका हिंसा र शोषणको विरुद्धमा हाम्रो क्षमता अभिबृद्धि गर्दै सामुहिक समृद्धिका लागि मानव सुसम्बन्ध कायम हुनेछ ।

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) एक सामाजिक न्यायका लागि कार्यरत सेवामुखी, मानव अधिकारवादी स्वायत्त संस्था हो । २०४६ सालमा गठन भएको यस संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा छ । पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलका निम्ति क्षेत्रीय कार्यालयहरू विराटनगर, काठमाडौं र पोखरामा कार्यरत छन् भने नेपालगञ्जस्थित क्षेत्रीय कार्यालयले मध्यपश्चिमाञ्चल, सुदूर पश्चिमाञ्चललाई ओगटेको छ । इन्सेकले अधिराज्यका ४१ वटा जिल्लामा आबद्ध संस्थाहरू मार्फत चेतना र शिक्षामूलक कार्यक्रमहरू विस्तार गरिसकेको छ भने ७५ वटै जिल्लामा इन्सेक प्रतिनिधिहरू रहेर मानव अधिकारको स्थिति अवलोकन गरिरहेका छन् ।

### सामान्य उद्देश्य

सर्वसाधारण जनताको मानव अधिकारको सम्वर्द्धन एवं रक्षार्थ विभिन्न तालिम, साक्षरता शिक्षा, भेला, अन्तरक्रिया, सूचना तथा जागरण अभियानहरू राष्ट्रिय, क्षेत्रीय एवं ग्रामीण तहमा मानव अधिकार शिक्षा तथा सचेतन कार्यक्रमका रुपमा संचालन गर्ने ।

### विशिष्ट उद्देश्य तथा कृयाकलापहरू

- आफ्ना जिल्ला प्रतिनिधिहरू मार्फत जिल्लामा घटेका मानव अधिकार उल्लंघनका घटनाहरूको सत्यताको खोजी गर्दै मानव अधिकारको संरक्षणमा योगदान पुऱ्याउने ।
- मानव अधिकार बर्ष पुस्तक, त्रैमासिक स्थिति सूचक तथा आफ्ना अन्य प्रकाशनहरूका माध्यमबाट जनताको "सचेतनताका लागि सचेतनात्मक रुपले संगठित हुने" अधिकारको संरक्षण गर्ने ।
- मानव अधिकार रेडियो शिक्षा कार्यक्रम तथा विभिन्न ४१ जिल्लामा रहेका आफ्ना आबद्ध संस्थाहरू मार्फत मानव अधिकार शिक्षा जनतामा पुऱ्याउने ।
- छात्र-छात्राहरू तथा शोधकर्ताहरूका लागि मानव अधिकार हनन घटनाहरूको प्रलेख तथा पुस्तक पुस्तिकाहरूको अभिलेख अद्यावधिक राख्ने ।
- प्रजातन्त्र, राष्ट्रिय स्वाधीनता तथा विश्व मानव अधिकार संरक्षणका लागि ऐक्यबद्धताका कार्यक्रमहरू संचालन गर्ने ।
- महिला तथा बाल अधिकारको बारेमा आवाज उठाउने ।
- कमैया प्रथाको अन्त्यको निम्ति संगठित रुपमा आवाज उठाउने ।
- मानव अधिकार संरक्षणका लागि अन्य संघ संस्थाहरूसित सहयोग आदान प्रदान गर्ने ।

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
फोन नं. २७०७७०/२७८७७०
फ्याक्स नं. - २७०५५१
वेब साइट : www.insec-nepal.com

## गीत



अरुणा तामाङ्ग

उठौं साथी हो उठौं साथी हो
महिला हिंसा विरुद्धको आवाज बोकी उठौं साथी हो
महिला अधिकार कहाँ भाग्यो हामीले भेटाएनौं
यता उती खोजी गर्दा बाटो पहिल्याएनौं

उठौं साथी हो उठौं साथी हो
महिला हिंसा विरुद्धको आवाज बोकी उठौं साथी हो

रात दिन काम गर्दा नि खाना पाइदैन
दश नंग्रा खियाउंदा नि सुख हामीलाई छैन

उठौं साथी हो उठौं साथी हो
महिला हिंसा विरुद्धको आवाज बोकी उठौं साथी हो

अन्याय र अत्याचारको बन्धन चुडाल्नलाई
एक जुटौं साथी बल बढाउनलाई

उठौं साथी हो उठौं साथी हो

# जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) गर्न बनेको विधेयक

**प्रस्तावना :**

जीउ मास्ने बेच्ने जस्तो अमानवीय कार्य गर्न राक लगाई अनैतिक यौनजन्य कार्यको नियन्त्रण गर्न तथा त्यस्ता कार्यबाट पिडित व्यक्तिको पुनर्स्थापना गरी सर्वसाधारण जनताको सदाचार, नैतिकता कायम राख्न प्रचलित कानूनलाई एकीकृत गरी समयानुकुल बनाउन वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०५७ " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. ऐनको बहिर्क्षेत्रीय प्रयोग :**

कसैले यो ऐन बमोजिम सजाय हुने कार्य नेपाल अधिराज्य बाहिर बसी गरेको भएतापनि सो कार्यबाट पिडित व्यक्ति नेपाली नागरिक रहेछ भने निजले त्यस्तो कार्य नेपाल अधिराज्यभित्र गरे सरह मानी निज उपर यस ऐन बमोजिम कारबाही र सजाय हुनेछ ।

**३. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

क) "बालक" भन्नाले सोह्र वर्ष उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्छ ।

ख) "वेश्यालय" भन्नाले वेश्यावृति गर्ने वा गराउने उद्देश्यले प्रयोग हुने घर, कोठा वा कुनै स्थान सम्झनु पर्छ ।

ग) "वेश्यावृति" भन्नाले कुनै प्रतिफल लिई वा नलिई यौन शोषण गर्ने वा गराउने उद्देश्यले कसैको शरीरलाई खरिद गर्ने, बिक्री गर्ने, भाडामा लगाउने वा प्रयोग गर्ने कार्य सम्झनु पर्छ ।

घ) "पिडित" भन्नाले दफा ४ को उपदफा (२) बमोजिमको कार्यबाट मर्कापर्ने व्यक्ति सम्झनु पर्छ ।

ङ) "यौनजन्य कार्य" भन्नाले अनुचित यौन सम्पर्क गर्ने वा यौन उत्तेजना फैलाउने वा यौन दुर्व्यवहार गर्ने वा यौनशोषण गर्ने कार्य सम्झनु पर्दछ ।

च) "पुनर्स्थापना केन्द्र" भन्नाले दफा २१ बमोजिम स्थापना भएको पुर्नस्थापना केन्द्र सम्झनु पर्छ ।

छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा ताकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**परच्छेद-२**

**निषेधित कार्यहरू**

**४. जीउ मास्ने बेच्ने कार्य गर्न नहुने :**

१) कसैले पनि कसैको जीउ मास्ने बेच्ने कार्य गर्नु वा गराउन हुँदैन ।

२) कसैले देहायको कुनै कार्य गरे वा गराएमा जीउ मास्ने बेच्ने कार्य गरेको मानिनेछ :

क) कुनै पनि उद्देश्यले मानिसको खरिद बिक्री गरेमा,

ख) वेश्यावृति गरेमा वा गर्न लगाएमा,

ग) कुनै पनि तरिकाले बालक उपर यौनजन्य कार्य गरेमा वा गर्न लगाएमा,

घ) वेश्यावृति गर्न लगाउने उद्देश्यले बालक वा होश ठेगानमा नभएको व्यक्तिलाई लगेमा,

ङ) वेश्यागमन गरेमा,

च) माथि खण्डहरूमा उल्लिखित कार्यहरू गर्न उद्योग गरेमा वा त्यस्ता कार्य गर्न लगाउन सहयोग गरेमा ।

५. वेश्यालय सञ्चालन गर्न नहुने : (१) कसैले कुनै पनि रुपमा नेपाल अधिराज्यभित्र वेश्यालय सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) कसैले वेश्यालय संचालन गरेको वा गर्न लागेको थाहा पाउँदा पाउँदै कुनै प्रतिफल लिई वा नलिई आफ्नो घर, जग्गा, स्थान वा सवारी साधन त्यस्तो कार्य गर्ने वा गराउने व्यक्तिलाई प्रयोग गर्न दिनु हुँदैन ।

(३) कसैले उपदफा (२) मा उल्लेख भए विपरीत कार्य गरे वा गराएमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ र सो कार्य गर्न वा गराउनको लागि प्रतिफल लिइसकेको प्रमाणित भएमा उक्त रकम दफा २२ बमोजिम स्थापित पुनर्स्थापना कोषमा जम्मा गर्नु पर्नेछ ।

**परिच्छेद-३**

**अनुसन्धान तथा तहकिकात**

**६. उजूर गर्ने :**

(१) परिच्छेद-२ बमोजिमको कुनै कार्य गरेको वा गर्न लगाएको थाहा पाउने जुनसुकै व्यक्तिले कुनै पनि प्रहरी कार्यालयमा उजूर गर्न सक्नेछ र त्यसरी उजूर गर्दा उजूरवालाले प्राप्त भएसम्मको सबूद प्रमाण समेत पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरीलाई प्रहरीले नजिकको जिल्ला अदालतमा पेश गरी अदालतबाट भएको आदेश बमोजिम गर्नु पर्नेछ ।

**७. बयान प्रमाणित गराउने :**

(१) दफा ६ बमोजिम उजूर गर्ने व्यक्ति पिडित भएमा निजको तत्काल बयान गराई सो बयान प्रमाणित गराउनका लागि निजलाई तुरुन्त नजिकको जिल्ला अदालतमा लैजानु पर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम पिडित व्यक्तिको बयान प्रमाणित गराउन ल्याएमा जिल्ला न्यायाधीशले त्यस्तो बयान पढी बाँची सुनाई निजले भने बमोजिम लेखी सोही व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पिडित व्यक्तिको बयान प्रमाणित गरिएकोमा पिडित व्यक्ति पछि अदालतमा उपस्थित नभएपनि प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिनु पर्नेछ ।

**८. बिना वारेण्ट पक्राउ गर्ने तथा खानतलासी लिन सकिने :**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अर्न्तगत कसूर मानिने कुनै काम कारवाही नगरेमा कसूरदार भाग्ने उम्कने वा त्यस्तो कसूरसंग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुने संभावना भएमा कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछ :

(क) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,

(ख) त्यस्तो कार्य गर्न लाग्दा बाधा विरोध भएमा आवश्यकता अनुसार झ्याल, ढोका खोली, फोरी आवश्यक कारवाही गर्न,

(ग) त्यस्तो कार्य गर्ने व्यक्रिलाई बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,

(घ) त्यस्तो घर, नग्गा, स्थान वा सवारी साधनमा भेटिएका दशी प्रमाण बरामद गर्ने वा कब्जामा लिन ।

(२) प्रहरी कर्मचारीले उपदफा (१) बमोजिमको कार्य गर्दा संभव भएसम्म स्थानीय निकायका पदाधिकारी तथा त्यस समयमा उपस्थित व्यक्तिहरू साक्षी राखी सोको विवरण तयार पारी सोको एक प्रति सम्बन्धित घर, जग्गा वा सवारी साधन धनीलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पक्राउ गरिएका व्यक्तिलाई पक्राउ परेको मितिले चौबीस घण्टाभित्र पक्राउ परेको कारण सहितको पूर्जी दिई सोको लिखित जानकारी जिल्ला सरकारी वकिल कार्यालयमा दिनु पर्नेछ ।

**९. थुनामा राखी कारवाही गरिने :**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत परेको मुद्दामा अभियुक्रलाई थुनामा राखी कारवाही गर्ने पर्याप्त आधार भएमा अदालतले पुर्पक्षका लागि थुनामा राखी कारवाही गर्न सक्नेछ ।

**१०. प्रमाण पुऱ्याउने भार :**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कसूर गरेको भनी अभियोग लागेमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ ।

(२) दफा ७ को उपदफा (२) बमोजिम अदालतद्वारा प्रमाणित बयानमा उल्लिखित कुरा झुठ्ठा हो भन्ने प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ ।

**परिच्छेद-४**

**दण्ड सजाय**

**११. दण्ड सजाय :**

देहायको कसूर गर्ने व्यक्तिलाई पिडित व्यक्तिको शारीरिक वा मानसिक अवस्था र कसूर गर्दाको परिस्थिति हेरी देहाय बमोजिम सजाय हुनेछ :

(क) दफा ४ को उपदफा (२) को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई नेपाल सरहदभित्र भए दशदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना र नेपाल सरहद बाहिर भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(ख) दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर स्वेच्छाले गरेको भए एक महिनादेखि तीन महिनासम्म कैद र अरुलाई कसूर गर्न लगाउने व्यक्तिलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(ग) दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(घ) दफा ४ को उपदफ (२) को खण्ड (घ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(ङ) दफ ४ को उपदफा (२) को खण्ड (ङ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक महिनादेखि तीन महिनासम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(च) दफा ४ को पदफा (२) को खण्ड (च) बमोजिमको कसूर गर्ने व्यक्तिलाई सोही कसूर गरे बापत हुने सजायको आधा सजाय हुनेछ ।

(छ) दफा ५ बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

१२. थप सजाय : (१) कसैले आफ्नो संरक्षणमा रहेका महिला, बालक वा मुलुकी ऐन हाडनाता करणीको महल कमोजिम सजाय हुने नाताकी महिलालाई यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई यस ऐनमा लेखिएको सजायमा दश प्रतिशत थप सजाय हुनेछ ।

(२) यस ऐन अन्तर्गतको कसूरमा एकपटक सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा निजलाई प्रत्येक पटक पचास प्रतिशतका दरले थप सजाय हुनेछ ।

(३) कुनै सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गरेमा यस ऐन बमोजिम हुने सजायमा दश प्रतिशत थप सजाय हुनेछ ।

परिच्छेद–५

विविध

१३. **सम्पत्ति जफत हुने :**

(१) यस ऐन अन्तर्गतको कसूर गरी अर्जन गरेको सबै चल अचल सम्पत्ति जफत हुनेछ ।

(२) यस एन अन्तर्गत कसूर मानिने कार्य गर्न प्रयोग गरेको घर, जग्गा, स्थान वा सवारी साधन धनी स्वयंले गरेको प्रमाणित भएमा त्यसरी कसूर गर्न प्रयोग भएको घर, जग्गा, स्थान वा सवारी साधन जफत हुनेछ ।

१४. **अनुमानित कसूर:**

अन्यथा प्रमाणित भएकोमा बाहेक कसैले देहायको कुनै कार्य गरेमा जीउ मास्ने बेच्ने कार्य गरेको अनुमान गरिनेछ :

(क) कसैलाई ललाई फकाई वा भुक्यानमा पारी वा डर, त्रास, धम्की देखाई वा कुनै प्रलोभनमा पारी नेपाल अधिराज्य बाहिर लैजान लागेको पाईएमा,

(ख) कसैलाई ललाई, फकाई वा भुक्यानमा पारी वा डर, त्रास, धम्की देखाई वा कुनै प्रलोभनमा पारी नेपाल अधिराज्य बाहिर लैजान लागेको पाईएमा,

(ग) बालक उपर जुनसुकै किसिमबाट यौनजन्य कार्य गर्न लागेको पाइएमा,

(घ) यस ऐन अन्तर्गत सजाय हुने कसूरमा सहयोग पुग्ने गरी कुनै सरकारी, गैर सरकारी वा स्थानीय निक( ायका पदाधिकारीले भुट्टा कागजात वा विवरण तयार गरेमा वा दिएमा ।

१५. **पुरस्कार :**

कसैले यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गरेको छ वा गर्न लागेको छ भन्ने कुराको सूचना दिने सुराकीलाई यस ऐन अन्तर्गत दायर गरिएको मुद्दाको अन्तिम किनारा भई कसूरदारलाई जरिवाना गरिएकोमा त्यस्तो जरिवाना रकमको दश प्रतिशत रकम पुरस्कार स्वरुप दिइनेछ । एकभन्दा बढी व्यक्तिहरूको सुराकबाट मुद्दा दायर भएकोमा पुरस्कारको रकम सुराकीहरूलाई दामासाहीको हिसाबले दिइनेछ ।

१६. **क्षतिपूर्ति दिइने :**

(१) यस ऐन बमोजिम कसूरदारबाट जरिवाना वापत प्राप्त हुने रकमको आधा रकम क्षतिपूर्ति वापत पिडितले पाउनेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको रकम पिडितले पाउनु भन्दा अगावै निजको मृत्यु भएमा निजका अठार वर्षमुनिका छोरा छोरी भएमा त्यस्ता छोराछोरीलाई सो रकम दिइनेछ ।

१७. **सुराकी र त्यसको विवरण गोप्य राखिने :**

(१) यस ऐन बमोजिम कसूर मानिने कुनै कार्य गरेको छ वा गर्न लागेको छ भन्ने सूचना दिने सुराकीको नाम, ठेगाना र निजबाट प्राप्त भएको सूचनाको विवरण गोप्य राखिनेछ ।

(२) उपदफा (१) बमोजिम सुराक दिने व्यक्ति यस ऐन बमोजिम सजाय हुने कसुरमा अभियुक्त रहेछ भने त्यस्तो अभियुक्तलाई हुने सजायमा पाँच प्रतिशतसम्म सजाय छुट हुन सक्नेछ ।

१८. **सहयोग गर्नु पर्ने:**

कसैले यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा सो विषयमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा लिखित वा मौखिक जानकारी गराउन तथा अनुसन्धान तथा तहकिकात गर्न आवश्यक सहयोग पुऱ्याउनु सर्वसाधारण सबैको कर्तव्य हुनेछ ।

१९. **नैतिक पतन हुने अपराध मानिने :**

कसैले दफा ४ को उपदफा (२) को खण्ड (क) बमोजिम कसूर मानिने कुनै कार्य गरी अदालतबाट दोषी प्रमाणित भएमा निजले नैतिक पतन देखिने अपराध गरेको मानिनेछ ।

२०. **जीउ मास्ने बेच्ने कार्य नियन्त्रण समिति:**

जीउ मास्ने बच्ने कार्य नियन्त्रण गर्न र सो कार्यबाट पिडित व्यक्तिको पुर्नस्थापना गर्ने सम्बन्धी कार्य गर्न तथा सो कार्य गर्ने विभिन्न निकायहरू बीच समन्वय समेत गर्नको लागि श्री ५ को सरकारले नेपाल

रजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार प्रहरी तथा जीउ मास्ने बेच्ने कार्य नियन्त्रण समिति गठन गर्नेछ ।

२१. **पुनर्स्थापना केन्द्र** :

(१) कसैद्वारा बेचिएकी वा वेश्यालयबाट फर्किएको वा वेशयालयबाट उद्धार गरिएकी बेवारिसे महिलाको सामाजिक पुनर्स्थापना लागि श्री ५ को सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्रको स्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित पुनर्स्थापना केन्द्रको व्यवस्थापन, सञ्चालन तथा पुनर्स्थापना केन्द्रबाट सम्पादन गर्नुपर्ने अन्य कार्यहरू तोकिए बमोजिम हुनेछ ।

२२. पुनस्थापना कोषः

(१) पुनर्स्थापना केन्द्रको व्यवस्थापन तथा सञ्चालनको लागि श्री ५ को सरकारले एक पुनर्स्थापना कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देखाय बमोजिमको रकम रहनेछ :

(क) दफा५ को उपदफा (३) बमोजिम प्राप्त हुने रकम,

(ख) यस ऐन बमोजिम कसूरदारबाट जरिवाना वापत प्रप्त हुन आएको रकम मध्ये पुरस्कार तथा क्षतिपूर्तिको रकम कटाई बाँकी हुन आएको रकम,

(ग) श्री ५ को सरकारबाट प्राप्त रकम,

(घ) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्रप्त गर्नु अघि श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) पुनर्स्थापना कोषको बविस्थापन, संचालन र उपयोग तोकिए बमोजिम हुनेछ ।

२३. **बाधा विरोध गर्नेलाई सजाय** :

यस ऐन अनर्तगत अनसन्धान तथा तहकिकात सम्बन्धी काम कारबाही गर्दा कसैले बाधा विरोध गरेमा निजलाई दशहजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

२४. **प्रचार प्रसार गर्न नहुने** :

यस ऐन अर्न्तगत कसूर मानिने कार्य गरी कसैलाई मर्का पर्न गएको रहेछ भने त्यस्तो मर्का पर्ने व्यक्तिको स्वीकृसत नलिई निजको चरित्रमा प्रतिकूल हुने गरी कुनै पनि पत्रपत्रिका वा अन्य संचार माध्यमद्वारा लेख्न वा प्रसारण गर्न हुँदैन ।

२५. **बात नलाग्ने** :

कुनै महिला वा बालकलाई अपहरण गरी वा ललाई फकाई वा डर, त्रास वा प्रलोभनमा पारी वा अन्य कुनै पनि किसिमबाट जीउ मास्ने बेच्ने कार्य गर्ने उद्देश्यले लैजाँदा आफूलाई सो प्रयोजनको लागि लगिएको भन्ने कुरनको विश्वास गर्नुपर्ने मनासिब कारण भई सोही बखत केही नगरे आफू त्यस्तो कार्यबाट पिडित हुने बाध्यात्मक स्थिति सृजना हुनसक्ने देखिएमा सोही बखत निजले हार गुहार वा मद्दत माग्दा वाभागी उम्कन खोज्ता कसैबाट कुनै मद्दत नपाई भाग्नका लागि वा सो कार्यबाट बच्न तत्काल कुनै कार्य गर्दा त्यस्तो व्यक्तिको मृत्यु भएमा वा अङ्गभङ्ग भएमा वा चाट पटक लागेको ठहरे त्यसरी भाग्न उम्कन खोज्ने महिला वा बालकलाई बात लाग्दैन ।

२६. **बन्द इजलाशमा कारबाही हुनसक्नेः**

१) यस ऐन बमोजिमको मुद्दामा बन्द इजलासमा कारबाही र किनारा गर्न पिडित पक्षले अनुरोध गरेमा बन्द इजलाशमा कारबाही गर्न सकिनेछ ।

(२) बन्द इजलाशमा मुद्दाका पक्ष विपक्ष, निजका कानून व्यवसायी र अदालतले अनुमति दिएमा व्यक्तिमात्र प्रवेश गर्न सक्नेछन् ।

(३) बन्द इजलाश सम्बन्धी अन्य कुराहरू अदालतले तोकिदिए बमोजिम हुनेछ ।

२७. **श्री ५ को सरकारवादी हुने** :

यस ऐन अन्तर्गतको मुद्दा श्री ५ सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समानेश भएको मानिनेछ ।

२८. **नियम बनाउने अधिकारः**

यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

२९. **खारेजी र बचाउः**

(१) जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण ऐन) २०४३, मुलुकी ऐन जीउ मास्ने बेच्नेको महल र आशय करणीको महलको ५ नम्बर खारेज गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमका ऐन अर्न्गत भए गरेका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेका मानिनेछन् ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिएको जतिमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

शुभ विजया दशमी तथा दीपावली

२०५८ को

सुखद उपलक्ष्यमा

संपूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा

## हार्दिक मंगलमय


# शुभकामना

AATWIN

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समुह

(एटविन) परिवार

# तस्वीरमा एटविन गतिविधि





जनसार्कको सन्दर्भमा कार्यशाला गोष्ठी



एटविन सचिवालय हस्तान्तरणको अवसर



जनसार्कको अवसरमा सार्क मुलुकहरुबाट ल्याएको पानी एक ठाउँमा मिसाईदै




जनसार्कको उद्घाटन समारोह





जनसार्क उद्घाटनको झलकहरु